## सिम्रौनगढ नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ७ मितिः २०८३/०१/२५

भाग-२

सिम्रौनगढ नगरपालिका


## बालविवाह र दाइजो प्रथाअन्त्यकालागि रणनीतिक योजना (२०८३-२०८८)

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०१/२५

नगर प्रमुखबाट प्रमाणीकरण मितिः २०८३/०१/२५

CamScanner

सिम्रौनगढ नगरकार्यपालिका नगर कार्यपालिकाको कार्यालय सिम्रौनगढ, बारा मधेश प्रदेश, नेपाल

किशोरी प्रसाद कलवार नगर प्रमुख

## सिम्रौनगढ नगरकार्यपालिकाको कार्यालय सिम्रौनगढ,बारा ।

## मधेशप्रदेश, नेपाल

कार्यपालिकाबाट स्वीकृत मिति:२०८३/०१ /२५ गते ।

CamScanner

बिषय सूची


१. पृष्ठभूमि........................................................................................३

२. नगरपालिकाकोपरिचय..........................................................................४

२.१.पृष्ठभूमि/भौगोलिकस्थिति.......................................................................४

३. नीतिगतव्यवस्था.................................................................................५-७

३.१ बालविवाह सम्वन्धीनीतिगतव्यवस्था.......................................................५-६

३.२ दाइजो प्रथा सम्वन्धीनीतिगतव्यवस्था......................................................६-७

४. वर्तमानस्थिति...................................................................................७-१०

४.१.बालविवाह र दाइजो प्रथाबारे स्थानीयको बुझाई.........................................८-९

४.२. बालविवाह र दाइजो: मुख्य कारण र असरहरु...........................................९-१०

४.३. बालविवाह र दाइजो प्रथाअन्त्यका शुरुवातीथालनीहरु...............................१०-११

५. रणनैतिकयोजनातर्जुमाप्रकियामा समावेशी सहभागिता.........................................११

६. रणनीतिक योजनाको मूल्य र मान्यता......................................................११-१२

७. रणनीतिक योजनाका सिद्धान्तहरु............................................................१३-१४

७.१. समानताको अधिकार............................................................................१३

७.२. बालबालिकाको सर्वोत्तम हित...................................................................१३

७.३. बालबचाउ र विकासको अधिकार..............................................................१३

७.४. संरक्षणको सुनिश्चितता..........................................................................१३

७.५. अर्थपूर्ण सहभागितार सशक्तिकरण............................................................१३

७.६. बालमैत्रीवातावरणको प्रवर्द्धन..................................................................१४

७.७. राज्यर स्थानीयतहको दायित्व..................................................................१४

८. रणनीतिक दावी विवरण.......................................................................१४-१५

८.१. परिकल्पना..........................................................................................१४

८.२. ध्येय .................................................................................................१४

८.३. लक्ष्य......................................................................................................१४

८.४. उद्देश्यहरु.................................................................................................१४-१५

९. रणनीति........................................................................................................१६-१८

९.१. रणनीति......................................................................................................१६

९.२. कार्य योजनाकामान्यताहरु.........................................................................१७-१८

१०.कार्य योजनाको समय र सरोकारवाला..........................................................१८

१०.१. समयसिमा...................................................................................................१८

१०.२. सरोकारवाला.................................................................................................१८

११. जिम्मेवारी र भूमिका......................................................................................१९-२१

११.१. स्थानीय सरोकारवालाहरु र नगरपालिकाबीच सम्बन्ध र जिम्मेवारी..........................२१

११.२. क्षमताअभिवृद्धि समिति..................................................................................२१

११.३. कार्यान्वयन, समन्वय र अनुगमनतथामूल्याङ्कन समिति.......................................२२

१२. रणनीतिक योजनाका सफलताका सुत्रहरु.............................................................२३

१३. अनुसूचीहरु...................................................................................................२४-३२

अनुसूची १नगरपालिकाको वडागत जनसांख्यिकविवरण...........................................२४

अनुसूची २वालविवाह र दाइजो प्रथाअन्त्यकालागिकार्य योजना................................२५-३१

अनुसूची ३कार्यान्वयन, समन्वय र अनुगमनतथामूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार ३१

अनुसूची ४वालविवाह/दाइजो विरुद्ध उजुरी लिने निकायहरु.......................................३१

## १.पृष्ठभूमि

बालविवाह र दाइजो प्रथाहासो समाजमागहिरोसँगजरा गाडेर बसेकागम्भीर सामाजिक समस्याहरू हुन् ।यीकेवलकानुनीविषयमात्रनभई बालअधिकार, लैङ्गिक समानता, सामाजिकन्याय र मानवमर्यादासँगप्रत्यक्ष रूपमा सम्बन्धित मुद्दाहरू हुन् ।विशेषगरी बालिकातथाकिशोरीहरूलाई कम उमेरमै विवाहगर्न बाध्यपारिने प्रचलनले उनीहरूको शिक्षा, स्वास्थ्य, आत्मनिर्भरता, निर्णय क्षमतातथा सुरक्षितभविष्यमागम्भीर असर पुऱ्याउने गरेको छ ।विवाहसँगै जोडिने दाइजो प्रथाले आर्थिक, मानसिकतथा सामाजिक हिंसालाई थपप्रोत्साहनदिँदै महिलामाथिको विभेदलाई संस्थागतबनाउने कार्य गरिरहेको छ ।

आजपनि धेरै बालबालिका पढ्ने, खेल्ने, सीपसिक्ने र आफ्नाभविष्यका सपनानिर्माण गर्ने उमेरमै विवाहको जिम्मेवारी वहनगर्न बाध्य छन् ।समाजमाविद्यमान "छोरी ठूलो हुँदैछ", "समयमै विवाह गरिदिए राम्रो हुन्छ", "कम उमेरमाविवाहगर्दा दाइजो कम लाग्छ" जस्ता परम्परागत सोच र सामाजिकदबाबका कारण अभिभावकहरू छोरीहरूको दीर्घकालीनभविष्यभन्दातत्कालको सामाजिकचिन्तालाई प्राथमिकतादिनबाध्यहुने अवस्थाविद्यमानछ ।यसले बालिकाहरूको क्षमताविकास,आत्मसम्मान र अवसरमाथिप्रत्यक्ष असर पारिरहेको छ ।

सिम्रौनगढ नगरपालिकाको सन्दर्भमा हेर्दा, बालविवाहतथादाइजो प्रथान्यूनीकरण र रोकथामकालागिनगरपालिका, समुदायतथा सरोकारवालानिकायहरूको सहकार्यमाविभिन्नजनचेतनामूलकतथा सामाजिकअभियानहरू सञ्चालनहुँदै आएका छन् ।विद्यालय, समुदाय, किशोरी समूह, महिला समूह, धार्मिक अगुवातथाजनप्रतिनिधिहरूको सहभागितामा सकारात्मकप्रयासहरू भइरहे तापनि सामाजिकमान्यता, कमजोर कार्यान्वयन, आर्थिक असमानतातथाचेतनाको अभावका कारण यीकुप्रथाहरू पूर्ण रूपमा नियन्त्रण हुन सकेका छैनन् ।

नेपालको संविधान, बालबालिका सम्बन्धीऐन, सामाजिकव्यवहार (सुधार) ऐनलगायतकाप्रचलितकानुनहरूले बालविवाह र दाइजो प्रथालाई गैरकानुनीतथा दण्डनीय कार्यका रूपमा स्पष्ट रूपमा परिभाषित गरेका छन् ।विवाहको न्यूनतम उमेर २० वर्ष निर्धारण गरिएको छ भने दाइजो लिनु-दिनु कानुनतः अपराधमानिएको छ ।साथै नेपाल सरकारले दिगो विकास लक्ष्य (SDG) अनुरूप सन् २०३० भित्रबालविवाहअन्त्यगर्ने राष्ट्रिय तथाअन्तर्राष्ट्रिय प्रतिवद्धता व्यक्त गरेको छ । तर कानुनीव्यवस्थामात्रपर्याप्त हुँदैन;जबसम्म समाजको सोच, व्यवहार र संस्कारमा सकारात्मक परिवर्तन आउँदैन, तबसम्म यस्ता कुप्रथाहरूको दीगो अन्त्य सम्भवहुँदैन ।

यहीयथार्थलाई मध्यनजर गर्दैसिम्रौनगढ नगरपालिकाले स्थानीयआवश्यकता, समुदायको अनुभवतथा सरोकारवालाहरूको सुझावलाई आधार बनाई बालविवाहतथादाइजो प्रथा विरुद्धको रणनीतिक योजनातयार गरेको हो । यो योजनाकेवलऔपचारिक दस्तावेज मात्रनभई बालबालिका, विशेषगरी छोरीहरूलाई सुरक्षित, शिक्षित, आत्मनिर्भर र सम्मानजनकजीवन सुनिश्चितगर्ने सामूहिक प्रतिबद्धताको अभिव्यक्तिहो । यस योजनामार्फत अभिभावक, शिक्षक, समुदायकाअगुवा, धार्मिक व्यक्तित्व, जनप्रतिनिधि, युवातथाकिशोर-किशोरीहरूको सक्रिय सहभागितामाबालविवाह र दाइजो प्रथाअन्त्यतर्फ साझाअभियान सञ्चालन गरिनेछ ।

परिवर्तन चुनौतीपूर्ण अवश्य हुन्छ, तर जब समाजले "छोरी बोझहोइनन्, भविष्यहुन्"भन्ने सोचलाइं आत्मसात् गर्छ, त्यहींबाट सुरक्षित, समावेशी, न्यायपूर्ण रबालमैत्री समाजनिर्माणको आधार तयार हुन्छ

## २. नगरपालिकाको परिचय

### २.१ पृष्ठभूमि/ भौगोलिकअवस्थिति

मानवअतितलाई छातीमा समेटेर ऐतिहासिक धरोहरलाई सुरक्षित राखेको छ सिम्रौनगढ, जसलाइं खुल्लाइतिहास,कला संस्कृतिको संग्रहालयको रुपमालिन सकिन्छ ।ऐतिहासिक, सांस्कृतिक र



CamScanner

पुरातात्विकमहत्ववोकेको सिम्रौनगढनगरपालिकाअहिले नेपालको राजनीतिकभूगोलमामध्यनेपालकोवारा जिल्लामापर्दछ ।वारा जिल्लाको सदरमुकामकलैयावाट २० किलोमिटर दक्षिण पूर्वमा रहेको सिम्रौनगढ पूर्व पश्चिम ४.५ कि मि, उत्तर दक्षिण ६.५ किलोमिटरमाफैलिएको छ ।समुन्द्री सतह देखि ३०० देखि ५०० मिटरको औसतउचाईमा रहेको यो ठाउँ करीब २६ वर्ग किलोमिटर क्षेत्रफलमाफैलिएको छ ।

सिम्रौनगढ प्राचीनमिथिलावाविदेह क्षेत्रको ऐतिहासिककेन्द्र हो, जहाँउपनिषद् तथापौराणिक कालदेखि हिन्दू संस्कृतिको विकास भएको मानिन्छ ।सन् १०९७माकर्नाटकवंशी नान्यदेवले मिथिलामाथिविजय गरी सिमलको वनलाई राजधानी बनाएपछि यस स्थानलाई सिम्रौनगढ भनिनथालियो । 'गोपालवंशावली'मा यस क्षेत्रलाई 'सिमरावनगढ' अर्थात् सिमलको वनमा रहेको किल्लाभनेर उल्लेख गरिएको छ । पछि यहीनामअपभ्रंश हुँदै सिम्रौनगढ बनेको हो । इटालियन पादरी क्यासियानोले समेत यस क्षेत्रलाई 'सिमानागढ' भनेर उल्लेख गरेका छन् ।
लामो समयको अन्तरालपछि सन् १०९७माकर्नाटकवंशी राजाचालुक्यका सेनापतिनान्यदेवले मिथिलामाथिविजय गरी सिमलको वनलाई राजधानीबनाए ।जसलाई आजसिम्रौनगढ भनिन्छ ।मिथिलाको इतिहासमा यस काललाई स्वर्णयुग भनिन्छ । यस कालमायहाँको धार्मिक, सांस्कृतिक र कला साहित्यको विकास चरम उत्कर्षमापुगेको थियो ।
सन् १२३६ मासिम्रौनगढको भ्रमण गरेकातिब्वतीविद्वान् धर्मस्वामीले गरेको वर्णन अनुसार सिम्रौनगढ एक सुरक्षितर सम्पन्न राजधानीथियो ।उनकाअनुसार सिम्रौनगढ बलिया, अग्लाचक्रव्युहआकार पर्खालद्वारा घेरिएको थियो ।तत्कालिन राजावीरेन्द्रबाट यस क्षेत्रको अवलोकन पश्चातयहाँको पुरातात्विकअवशेषको अध्ययन अनुसन्धानकालागिभएको निर्देशनबमोजिम पुरातत्वविभाग र इटालियन सरकारको तत्वावधानमा सन् १९९१, १९९२ र १९९४ मासिम्रौनगढको उत्खनन गरिएको थियो ।उत्खननको क्रममाकर्नाट पूर्वकाल, कर्णाटकालका पुरातात्विक, धार्मिक, साँस्कृतिकअवशेषहरु प्राप्तभएको थियो ।सिम्रौनगढका पुरानाअवशेषहरु आजपनियत्रतत्र पाइन्छ ।यहाँडढेको चामल, माटोका भाडा वर्तन, गर गहनाहरु पाइन्छ । यस क्षेत्रको कचोर्वा गाँउमामाकराकृतिको टुटी भएको धारो, हरिहरपुर टोलमा रहेको ढुङ्गाको वाकस रहस्यमय रहेको छ ।जतिखन्दै जाँदाभनभित्रभाँसिनु यस बाकसको विशेषताछ ।अत्यन्तकलात्मक रहेको यो बाकसको वाहिरी भागमात्रदेखिन्छ ।बाँकीभागजमीनमा गाडिएको छ ।स्थानीयवासिले यसलाई बाकस,तिजोरी, सन्दुकभने पनिवास्तवमा यो के हो अहिलेसम्मपत्तालाग्न सकेको छैन् ।
सिम्रौनगढको साँस्कृतिक सम्पदाको दोश्रो स्थानमायहाँकामन्दिरहरुलाई लिन सकिन्छ ।सिम्रौनगढको वीचभागमा स्थापना गरिएको कंकालीमन्दिर ईटद्वारा निर्माण गरिएको शिखर शैलीमाछ ।मन्दिर चारैतिर चतुष्कोणाकारको भवनको बीचमाशिखर उठेर माथिसम्मचुलिएको छ ।मन्दिरको चारैतिर खुल्लागुम्वजाकारको प्रवेशद्वार निर्माण गरिएको छ ।मन्दिरभित्र १२० से.मि. को अग्लो मंचवनाइएको छ जसमाथिपूर्वतिर फर्काएर कंकालीको मूर्ति प्रतिष्ठापित गरिएको छ ।सम्पूर्ण भागईटवाट निर्मित यस मन्दिरको गाह्रो ७५ से.मि. चाक्लो छ ।मन्दिरको दलिनमाविभिन्नचित्रहरु बनाइएको छ । यस मन्दिरको निर्माण मान्सारामबाबाले सन् १८१६ भन्दा अगाडि नै सानो आकारमा गरेकथिए । पछि उनका चेला रामसेवकदासले सन् १९६७अहिलेको मन्दिर निर्माण गरेकाथिए । यो सिम्रौनगढको सुन्दर इतिहास रहेकोछ ।
हालसिम्रौनगढ नगरपालिकामा ११ वटा वडा जसमालगभग२८ वटा टोलहरु रहेकाछन ।८५३१ घरधुरी रहेको सिम्रौनगढ नगरपालिकाको कुलजनसंख्या ५४८७८ रहेको जसमा २८३१८( ५१.६%)पुरुष र २६४४७(४८.४%)महिला रहेकाछन ।बहुभाषाबोलिने यस पालिकामाविभिन्नधर्म तथाजातजातिकावसोवास रहेको छ । यस पालिकामायादव, मुस्लमान, कोईरी, कानु, तेली, कुर्मि, नुनिया, विन, दुसाध, पासवान, चमार,हरिजन,राम, तातमा, मलाह,कुम्हाल,हजाम,कलवार,लोहार धोबि र पासीजातजातीकाव्यक्तिहरुको वरोवास रहेकोछ ।



CamScanner

**मानचित्रमासिम्रौनगढनगरपालिकाको स्तिथि :**
अक्षांश : २६ डिग्री५५ मिनेट उत्तरी अक्षांश
देशान्तर : ८५डिग्री१० मिनेटपूर्वी देशान्तर
उचाई :सिम्रौनगढ समुद्र सतह देखि लगभग ३०० देखी ५०० मिटरको उचाईमा रहेकोछ।
पुर्व :रौतहट जिल्ला
पश्चिम : पचरौतानगरपालिका
उत्तर : आदर्शकोतवालपालिका
दक्षिण : भारतको सिमाना
जम्मा वडा संख्या: ११
जम्माजनसंख्या : ५४८७८ (राष्ट्रिय जनगणना, २०७८)
जम्मा घरधुरी : ८५३१
जम्माक्षेत्रफल : ४२.६५वर्ग कि.मि

**३.नीतिगतव्यवस्था**

३.१ बालविवाहसम्वन्धीनीतिगतव्यवस्था

सन् २०१३ को डिसेम्वरमा संयुक्त राष्ट्रसंघको ६८ औं साधारणसभावाट "बालविवाहतथा जवरजस्तीहुने विवाह"विषयक प्रस्तावपारित गरिएपछि बालविवाह विरुद्धका कार्यक्रमहरु विश्वव्यापीरुपमाउच्चप्राथमिकतामा परेका छन् । नेपालले वालअधिकार सम्वन्धीमहासन्धी १९८९, महिलामाथिहुने सवै प्रकारका विभेदहरुको अन्त्य गर्ने महासन्धि १९७९, नागरिक तथा राजनीतिकअधिकारका लागिअन्तर्राष्ट्रिय अनुवन्ध१९६६, आर्थिक, सामाजिकतथा साँस्कृतिकअधिकार सम्वन्धीकायरोअन्तर्राष्ट्रिय अनुवन्ध१९६६, यातनाविरुद्धको महासन्धी १९८४, जनसंख्या र विकास सम्वंधीअन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना १९९४, चौथो विश्वमहिला सम्मेलनवाट पारित वेइजिङ घोषणा र सम्वद्ध कार्ययोजना र सार्क लगायतअन्तर्राष्ट्रिय तथा क्षेत्रीयस्तरमावालअधिकारलाइं प्रवर्द्धन गर्ने विभिन्नअन्तर्राष्ट्रिय महासन्धीतथा इच्छाधिन आलेखहरु मार्फत नागरिकहरुको आधारभूतअधिकारहरु विशेषत:वालअधिकार संरक्षणमा प्रतिवद्धता जाहेर गरेको छ ।

वालविवाह विरुद्धको प्रयास सार्कसँग आवद्ध रहेको वालवालिका उपर हुने हिंसाविरुद्धको दक्षिण एसियालीपहल(SAIEVAC) को एक रणनीतिक कार्यक्षेत्र पनिहो ।यसले सार्क मुलुकहरुमावालविवाहअन्त्यकालागिक्षेत्रीयकार्ययोजना (२०१५-२०१८) तयार गरी राष्ट्रिय संयन्त्रमार्फत्वालविवाह विरुद्धमा आफ्ना प्रयासहरु केन्द्रित गरेको छ ।यसका साथै उक्त रणनीतिलाइं परिपालनागर्दैनेपाल सरकारको नेतृत्वमानोभेम्वर ७, २०१४मावालविवाहअन्त्यगर्न कानुनको प्रयोग गरी जवाफदेहितावृद्धि विषयक सार्कस्तरीय गोष्ठी आयोजना गरी दक्षिण एसियाबाट वालविवाहअन्त्यकालागि काठमाडौंआव्हानपनिपारित गरिएको छ ।

संयुक्त राष्ट्रसंघले सन् २०३० सम्ममा पूरा हुने गरी दीगो विकासकालक्ष्यहरु निर्धारण गरेको छ जसमध्ये पाँचौ लक्ष्यको लैङ्गिक समानताअन्तर्गत "सबै प्रकारका हानिकारक अभ्यासहरु जस्तै कलिलो उमेरमा गरिने र जवर्जस्ती गरिने विवाहमा र महिलाको योनी छेदनको उन्मूलन"मावालविवाहलाइं २४.५ प्रतिशतवाट घटाएर ४.१ माझार्नेलक्ष्य समावेश गरिएको छ ।सदस्य राष्ट्र भएको नाताले नेपालले यो लक्ष्य पूरा गर्न सवै प्रकारको प्रयत्न गर्नु वाञ्छनीय हुने हुनाले यो रणनीतिक योजनापनि एउटा ठोस प्रयत्नकालागि परिलक्षितछ ।

नेपालको संविधानको धारा ३९ को उपधारा (५) ले कुनैपनिबालबालिकालाई वालविवाह, गैरकानुनीओसारपसार र अपहरण गर्न वावन्धक राख्नपाइने गरी बालविवाह विरुद्धको अधिकारलाइं वालवालिकाको मौलिकहकको रुपमा स्थापित गरेको छ ।साथै बालविवाहगर्नमा सहयोग

गरेमाकानूनबमोजिम दण्डनीय हुनेछ र यस्तो कार्यवाट पीडित बालबालिकोलाई पीडकवाट कानूनबमोजिमक्षतिपूर्ती पाउने हकहुनेछ भनीउल्लेख गरेको छ ।संविधानले प्रत्याभूत गरेको मौलिकहकलाई कार्यान्वयनगर्नका लागिकानूनीव्यवस्थाहुनु जरुरी हुन्छ र सोका लागि नेपालमा विभिन्नकानूनवनाएको छ ।बालविवाहलाई बदरयोग्य र दण्डनीय बनाउनकालागिविभिन्नकानूनहरु वनेका छन् ।मुलुकी अपराध संहिता२०७४ को परिच्छेद ११, विवाहसम्वन्धी कसुर अन्तर्गत दफा १७३ मावालविवाहगर्न नहुने भनीव्यवस्था गरिएको छ ।उक्तदफा १७३ को कानूनीव्यवस्थानिम्नानुसार रहेको छ:

दफा १७३. बालविवाहगर्न नहुने:

(१)विवाहगर्नेव्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाहगर्न वा गराउनहुँदैन ।

(२) उपदफा(१)विपरित भएको विवाह स्वत: बदर हुनेछ ।

(३) उपदफा(१)वमोजिमको कसूर गर्नेव्यक्तिलाई तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवानाहुनेछ ।

त्यसैगरी बालबालिका सम्बन्धीऐन, २०७५ को प्रस्तावनामावालवालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तमहितकायमगर्नेउल्लेख गरिएको छ ।उक्तऐनमावालविवाहगर्ने र गराउन सहयोग गर्नेलाई सजायको पनिव्यवस्था गरेको छ साथै पीडकवाट कानूनवमोजिमक्षतिपूर्ति पाउने हकको सुनिश्चितता गरिएको छ ।उक्तऐनको परिच्छेद ८ को वालवालिका विरुद्धको कसूर अन्तर्गत दफा ६६ को उपदफा (२) को खण्ड (ण)मा"वालवालिकाको विवाहगर्नेवावालवालिकासँगविवाहगर्नेवा गराउने कार्यलाई वालवालिका विरुद्ध हिंसा गरेको मानिनेछ"भनीउल्लेख गरिएको छ ।साथै परिच्छेद९ को सजाय, क्षतिपूर्ती तथा मुद्दा हेर्ने अधिकारी अन्तर्गत दफा७२ उपदफा(३)मा सजायको व्यवस्था गरिएको छ।उक्त हिंसागर्नेलाई उपदफाको खण्ड (ख) मापचहत्तर हजार रुपैयाँसम्म जरिवाना र ३ वर्षसम्म कैदसजायहुने व्यवस्था गरिएको छ ।

राष्ट्रिय वालवालिकानीति, २०८० ले वालविवाहलाई वालवालिकाको हकअधिकार प्रचलनकालागिवाधकको रुपमापहिचान गरेको छ ।नीतिको रणनीति नं. ११.५ मावालविवाहलगायतप्रथा परम्पराकानाममाहुने हानिकारक अभ्यासकालागि संघ, प्रदेश, स्थानीयतह, सञ्चार माध्यम, निजी क्षेत्र, सामाजिकअगुवा, समुदायमाआधारित संस्थातथा सञ्जालको प्रभावकारी परिचालन गर्ने, वालविवाह विरुद्धको उजुरी प्रक्रियालाई सरलीकृत बनाइने, सक्रियताका साथलिने र कारबाही गर्ने व्यवस्थाका साथै वालविवाह रोक्ने कार्यका लागि स्थानीयतहलाई थप जिम्मेवारी दिइने कुरा उल्लेख गरिएको छ ।साथै वालविवाहका कारणको पहिचान गरि निरोधात्मककार्य स्थानीयतहको सक्रियतामा सञ्चालन गरी वालविवाहमुक्त स्थानीयतह घोषणा गर्न उत्प्रेरित गरिनेछ भनिउल्लेख गरिएको छ ।

त्यसैगरी स्थानीय सरकार संचालनऐन, २०७४ मा स्थानीय सरकारको (वडा समिति) काम, कर्तव्य र अधिकारको व्याख्यामावालमैत्रीशासनवनाउने व्यवस्थासहितबालविवाहको अन्त्यगर्ने र गराउने कार्य उल्लेख गरिएको छ । साथैवालविवाहअन्त्यकालागि राष्ट्रिय रणनीति तथाकार्यान्वयनकार्ययोजना, २०८२, मधेश प्रदेशको १० वर्षे प्रादेशिक रणनीतिक योजना, तथामधेश प्रदेशको बालविवाहमुक्त क्षेत्र घोषणा कार्यविधि, २०८० ले वालविवाहअन्त्यकालागिबहुपक्षीय समन्वय, सामाजिकव्यवहार परिवर्तन, प्रभावकारी कानुनीकार्यान्वयनतथा स्थानीयतहको नेतृत्वमा घोषणा प्रक्रिया अघि बढाउने स्पष्ट मार्गदर्शन प्रदान गरेका छन्।

३.२ दाइजो प्रथासम्वन्धीनीतिगतव्यवस्था

दाइजो प्रथानेपालको कानुन र नीतिहरूले स्पष्ट रूपमाअस्वीकार गरेको एक हानिकारक सामाजिकअभ्यास हो। यो प्रथाकेवलआर्थिक लेनदेनको विषयहोइन, यसले महिलाको सम्मान, आत्मसम्मानर समानअधिकारमाथिप्रत्यक्षप्रहार गर्दछ।विवाहलाई दुई व्यक्तिको सहमतिर समानताको आधारमाहुने जीवनको निर्णय मान्दै, राज्यले दाइजो लिनु-दिनुलाई सामाजिकअन्याय र लैङ्गिकविभेदको रूपमा हेरेको छ। नेपालको संविधान, २०७२ ले महिलामाथिहुने सबै प्रकारका हिंसा, शोषण र भेदभावलाई निषेध गरेको छ।सामाजिकवा सांस्कृतिक परम्पराकानाममामहिलालाई अपमानितगर्ने, दवावमा राख्ने वाआर्थिक

बोझथोपर्नेकुनै पनिअभ्यास संविधानको मर्मविपरीत छ।दाइजोकानाममा गरिने दबाब, धम्की र हिंसा यस कारणले संवैधानिक रूपमाअस्वीकार्य मानिन्छ र पीडितलाई संरक्षण र क्षतिपूर्तिको हक सुनिश्चित गरिएको छ।

दाइजो प्रथालाई प्रत्यक्ष रूपमानिषेधगर्नेमुख्यकानुनीआधार सामाजिकव्यवहार (सुधार) ऐन, २०३३ हो। यस ऐनले विवाहकाक्रममादाइजो लिनु, दिनु वात्यसकालागिउक्साउनु गैरकानुनी र दण्डनीय अपराध ठहर गरेको छ। परम्पराको नाममा गरिने दाइजो माग अब व्यक्तिगत कुरा होइन, यो राज्यले हस्तक्षेप गर्नुपर्ने सामाजिक अपराधका रूपमा परिभाषित गरिएको छ।

त्यसैगरी, घरेलु हिंसा (कसूर तथा सजाय) ऐन, २०६६ र मुलुकी अपराध संहिता, २०७४ ले दाइजोका कारण हुने मानसिक, शारीरिक र आर्थिक यातनालाई हिंसाको रूपमामानेका छन्।दाइजो नल्याएको कारण महिलामाथि गरिने अपमान, कुटपिट, मानसिकदबाबवा घर निकाला जस्ता व्यवहारहरू कानुनी रूपमा अपराधहुन् र यसमा संलग्नव्यक्तिलाई सजायको व्यवस्था गरिएको छ।

नीतिगत रूपमापनिनेपाल सरकारले दाइजो प्रथालाई लैङ्गिक हिंसाको एक प्रमुख कारणका रूपमा स्वीकार गरेको छ।लैङ्गिक हिंसान्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना, लैङ्गिक समानतातथा सामाजिक समावेशीकरण (GESI) नीति, तथाबालविवाहअन्त्यकालागि राष्ट्रिय रणनीति जस्ता नीतिहरूले दाइजो प्रथालाई अन्त्य गर्नुपर्ने सामाजिककुप्रथाका रूपमा स्पष्ट रूपमाउल्लेख गरेका छन्।यीनीतिहरूले सचेतना, समुदायको सहभागिता, महिलाको सशक्तीकरण र सेवापहुँचलाई समाधानकामुख्यआधार मानेका छन्।

स्थानीयतहलाई पनिदाइजो प्रथाअन्त्यगर्न महत्वपूर्ण भूमिकादिइएको छ।स्थानीय सरकार सञ्चालनऐन, २०७४ अनुसार स्थानीयतहले हानिकारक सामाजिक प्रथाविरुद्ध नीति, कार्यक्रम र कार्ययोजनाबनाउन सक्छ।समुदायस्तरमा सचेतनाफैलाउने, उजुरी सुन्ने, न्यायिक समितिमार्फत विवाद समाधानगर्ने र पीडितलाई आवश्यकसेवासँग जोड्ने जिम्मेवारी स्थानीय सरकारको हो।

यद्यपि, कानुन र नीति बनेर मात्रदाइजो प्रथाअन्त्यहुँदैन। जबसम्म समाजले छोरीलाई बोझठान्छ, बराबरीको नागरिकको रूपमाहेर्दैन, तबसम्मदाइजोको मानसिकता रहिरहन्छ। त्यसैले नीतिगतव्यवस्थाको सार यहीहो-कानुनको डरभन्दापनिचेतनाको उज्यालो फैलाउँदै, परिवार र समुदायको सोच बदल्दै, सम्मानजनकर समानवैवाहिक सम्बन्धको संस्कार विकास गर्नुहो ।

## ४. वर्तमानस्थिति

२०२४ माप्रकाशित गरिएको संयुक्त राष्ट्रसंघ जनसंख्याकोष(UNFPA) को "State of World Population Report"अनुसार, नेपालमाबालविवाह अझै पनिगम्भीर सामाजिक समस्याबनेको छ । यस प्रतिवेदनका पछिल्ला तथ्यांकहरू अनुसार, २० देखि २४ वर्ष उमेर समूहकामहिलामध्ये ३३ प्रतिशतले १८ वर्ष पुग्नुअघि नै विवाह गरेका छन्, जसमध्ये ८ प्रतिशतले त १५ वर्ष पुग्नुअघि नै विवाह गरेकाथिए ।गाउँमाबसोबास गर्नेकिशोरीहरूमा १५ वर्षभन्दाकम उमेरमाविवाहगर्ने दर शहरी क्षेत्रको तुलनामा १.५ गुणा बढी पाइन्छ ।त्यस्तै, सबैभन्दा गरिब घरपरिवारमाबसोबास गर्नेकिशोरीहरूमा १५ वर्षभन्दाकम उमेरमाविवाहगर्ने दर सबैभन्दाधनी घरपरिवारको तुलनामा ६ गुणा बढी रहेको देखिन्छ ।साथै, शिक्षानपाएकाकिशोरीहरूमाकिशोरावस्थामै गर्भधारण गर्ने सम्भावनाशिक्षितकिशोरीहरूको तुलनामा १५ गुणा बढी रहेको तथ्यपनिउजागर गरिएको छ ।यीतथ्यांकहरूले नेपालमाबालविवाह अझै पनिवर्ग, स्थान र शिक्षा जस्ता कारकहरूद्वारा प्रभावितगम्भीर सामाजिक मुद्दा बनेको स्पष्ट देखिन्छ ।

नेपाल मल्टिपल इण्डिकेटर क्लस्टर सर्भे रिपोर्ट, २०१९माउल्लेख भएअनुसार नेपालमा २० देखि २४ उमेर समूहकामहिलाहरु मध्ये ८ प्रतिशत १५ वर्ष नपुग्दै विवाह गर्छन् भने ३३ प्रतिशत १८ वर्ष नपुग्दै । मधेशप्रदेशको सन्दर्भमा १८ वर्ष नपुग्दै विवाह गर्ने किशोरी ५०.५प्रतिशतपाइएको छ। ।नेपालउच्चबालविवाहहुने दक्षिण एसियालीदेशहरु मध्ये पर्दछ भने बालविवाहविश्वकाअन्यदेशहरुमा घटिरहँदाहाम्रो देशमाभने बढ्दै गएको छ।

नेपालजनसांख्यिकतथा स्वास्थ्य सर्भेक्षण, २०२२ का अनुसार नेपालमामहिलाहरु पुरुषभन्दाकम उमेरमाविवाहगर्दछन्।२५ देखि ४९ वर्षका महिलाहरुमापहिलो पटक विवाहगर्दाको औसत उमेर १८.३ वर्ष पाईएको छ भने सोहि उमेर समूहका पुरुषहरुमापहिलो पटक विवाहगर्दाको औसत उमेर २२.३ पाईएको छ ।२५ देखि ४९ उमेर समूहमा १२% महिलाहरुको पहिलो पटक विवाहगर्दाको उमेर १५ वर्ष मुनि र ४७% महिलाहरुको पहिलो पटक विवाहगर्दाको उमेर १८ वर्ष मुनिपाईएको छ जसको तुलनामाजम्मा १% पुरुषहरुको पहिलो पटक विवाहगर्दाको उमेर १५ वर्ष मुनि र १४% पुरुषहरुको पहिलो पटक विवाहगर्दाको उमेर १८ वर्ष मुनिपाईएको छ । साथै विद्यालय छाड्ने वालवालिकाको तुलनामा निरन्तरतादिनेको विवाह ढिलो भएको पाईएको छ ।

यस सिम्रौनगढ नगरपालिकाको समग्र साक्षरता दर ५७.५% देखिन्छ जस अन्तर्गत पुरुष साक्षरता दर ६६.३% छ भने महिला साक्षरता दर ४८.२% छ ।पुरुष र महिलाको साक्षरता दरमा८.१अंकको फरक देखिन्छ ।२०७८ को जनगणना अनुसारसिम्रौनगढमा ८५३१ घरधुरी रहेको र तहाको कुलजनसंख्या५४८७८ रहेकोछ ।कुल ८५३१ घरधुरी रहेको परिवारहरूमाप्रतिपरिवार लगभग६.४३जना सदस्यहरू रहेको पाइन्छ। यस पालिकामा सवैभन्दा धेरै जनसंख्या५ देखि ९वर्ष उमेर समूहमा रहेको छ।महिलाको तुलनामा पुरुषको जनसंख्या वढी रहेको तथ्यांकमाउल्लेखभएको देखिन्छ । यसैगरी राष्ट्रिय जनगणना,२०७८ का अनुसार पहिलो पटक विवाहगर्दाको उमेर विश्लेषण गर्दा १६ देखि १९.८वर्ष उमेर समूहकाले धेरै संख्यामा विवाह गरेको पाइएको छ।

वालविवाहसँग घनिष्ठ रूपमाजोडिएको दाइजो प्रथापनिसिम्रौनगढनगरपालिकामा अझै गहिरो सामाजिक समस्या रूपमाविद्यमान रहेको देखिन्छ।स्थानीयतहमा गरिएको क्षेत्रीयअवलोकन,मुख्य सूचनादाताअन्तर्वार्ता तथा समूह छलफलका क्रममादाइजो विनाविवाहगर्न गाह्रो हुने सामाजिकदवाव अझै वलियो रहेको तथ्यउजागर भएको छ।विशेषगरी छोरीको विवाहकाक्रममानगद, सुन-चाँदी, मोटरसाइकल, फर्निचर तथा घरायसी सामग्रीदिनुपर्ने अपेक्षाव्यापक रूपमा पाइन्छ, जसका कारण गरिव तथा सीमान्तकृत परिवारहरू आर्थिक ऋणमा फस्ने, छोरीलाई चाँडै विवाह गरिदिने वा छोरापक्षको मागअनुसार निर्णय लिनवाध्यहुने अवस्था देखिन्छ। दाइजोको डरले छोरी "वोझ"हो भन्ने पितृसत्तात्मक सोच वलियो वन्नपुगेको छ, जसले वालविवाहलाई अप्रत्यक्ष रूपमाप्रोत्साहन गरेको पाइन्छ।

राष्ट्रिय तहमा समेत दाइजो प्रथाले लैङ्गिकअसमानता, घरेलु हिंसा र मानसिकदवाव वढाउने कारकको रूपमाकाम गरेको विभिन्नअध्ययनहरूले देखाएका छन्।दाइजो नल्याएको आरोपमा विवाहपछिको हिंसा, अपमान र घरनिकाला जस्ता घटनाहरू हुने जोखिम अझै विद्यमानछ। यस्ता अभ्यासहरू नेपालको संविधान, मुलुकी अपराध संहिता र दाइजो विरुद्धका कानुनीव्यवस्थाविपरीत भएतापनि सामाजिक स्वीकार्यता र मौनताका कारण उजुरी तथा कारवाहीन्यून रहेको अवस्थाछ।यसले स्पष्ट रूपमादेखाउँछ कि सिम्रौनगढनगरपालिकामावालविवाहअन्त्यकाप्रयासहरू तवसम्म पूर्ण हुँदैनन्, जवसम्मदाइजो प्रथाको सामाजिक, आर्थिक र सांस्कृतिक जडमा लक्षितहस्तक्षेपहरू गरिँदैनन्। त्यसैले यस रणनीतिक योजनाले वालविवाहसँगै दाइजो प्रथालाई पनि समान रूपमा सम्वोधनगर्नेआवश्यकतालाई आत्मसात गरेको छ।

## ४.१ बालविवाह र दाइजो बारे स्थानीयको बुझाई

सिम्रौनगढनगरपालिकामा २० वर्ष नपुग्दै विवाहगर्नेचलन अझै पनिविद्यमान छ; यद्यपियसको स्वरूप समयसँगै परिवर्तन हुँदै गएको देखिन्छ।स्थानीय सरोकारवालाहरूसँग गरिएको संवाद र अवलोकनकाआधारमा परम्परागत रूपमाचल्दै आएकाकेहीधार्मिक र सांस्कृतिकविश्वासहरू क्रमशःकमजोर हुँदै गएका छन्, तर त्यसको सट्टा नयाँकिसिमकाजोखिमपूर्ण अभ्यासहरू देखा परिरहेका छन्। पहिले प्रचलित"पहिलो रजस्वलाभन्दा अगाडि छोरीको विवाह गरिदिए पुण्य प्राप्त हुन्छ" भन्ने विश्वास अहिले निकै हदसम्मघटेको छ। तर सामाजिक सञ्जालको प्रभाव, विवाहमापाइने नगद, मोटरसाइकल, गहना, मोवाइलफोन जस्ता वस्तुप्रतिको लोभ, र साथीभाइको देखासिखीका कारण किशोर-किशोरीहरूवीचभागीविवाहको प्रवृत्ति वढ्दै गएको पाइन्छ।

विभिन्नलक्षित समूहतथाजानकार [illegible]हरूसँगको अन्तरक्रियाकाक्रममासिम्रौनगढनगरपालिकामामागीविवाहको तुलनामाभागीविवाहको [illegible] बढ्दो रहेको उल्लेख गरिएको छ, विशेषगरी कक्षा ८ देखि १० माअध्ययनरत किशोर-किशोरी[illegible]मा यो अवस्था बढी देखिने बताइएको छ। यस्ता विवाहहरू प्रायः उमेर नपुगीतथाअभिभावकको जानकारी वा सहमतिविनाहुने गरेको सरोकारवालाहरूले जनाएका छन्। केटाको परिवारमा सहजीकरण नहुँदाकेहीकिशोरीहरूले घरेलु हिंसा, मानसिकदवाब, अपमानवा सामाजिकबहिष्करणजस्ता चुनौतीहरूको सामना गर्नुपर्नेअवस्थाआउनेधारणा व्यक्त गरिएको छ।साथै, पारिवारिक तथा सामाजिक सहायताको अभावमाकिशोरीहरूको संरक्षण र सहयोग प्रणाली सुदृढ पार्न आवश्यक रहेको कुरा पनि सरोकारवालाहरूले जोड दिएका छन्।

बालविवाह र दाइजो प्रथा एक-अर्कासँग गहिरो रूपमाजोडिएका सामाजिकअभ्यासका रूपमादेखिएका छन्।समुदायमा "छोरी जति छिटो विवाहगऱ्यो, उतिकमदाइजो दिनुपर्छ" भन्ने सोच अझै बलियो छ।दाइजोको रकमप्रायः केटाको शिक्षा, रोजगारी र आर्थिक अवस्थासँगजोडिने हुँदा छोरीको शिक्षाभन्दाविवाहलाई प्राथमिकतादिने अवस्थासिर्जना भएको पाइन्छ। धेरै छोरी भएका परिवारहरूले पहिलो छोरीको विवाहकम उमेरमै गरेर दाइजोकालागिआवश्यक स्रोत जुटाउने र त्यसपछि अरू छोरीहरूको विवाहको तयारी गर्नेअभ्याससमेत देखिएको छ।दाइजो नल्याएको वाअपेक्षितदाइजो नपुगेको कारण घरेलु हिंसा, मानसिकयातना र अपमान सहनुपरेका घटनाहरू संवादमाउल्लेख गरिएका छन्, यद्यपि यस्ता घटनाहरू प्रायःऔपचारिक उजुरीमानआउने गरेको पाइन्छ।

अध्ययनअवलोकनबाट यो पनिदेखिएको छ कि बालविवाहअन्त्यनहुनुको जिम्मेवारी केवलअशिक्षितवाकमजोर वर्गमामात्र सीमितछैन। कानुनर सजायबारे जानकारी हुंदाहुँदै पनिआफन्तजोगाउने, समाजको बदनामीको डरले उजुरी नगर्ने, र विवाहलाई सामाजिकमान्यतादिई गैरकानुनीअभ्यासलाई मौन समर्थन गर्नेप्रवृत्ति समाजकातथाकथित सचेत वर्गबाट समेत देखिएको छ।प्रहरी अधिकारीहरूकाअनुसार बालविवाह र दाइजोसम्बन्धी धेरै घटनाहरू प्रहरीसम्मनपुग्ने र परिवार वा समुदायभित्रै मिलाइने गरेका छन्, जसले कानुनीकार्यान्वयनलाई कमजोर बनाएको छ।

किशोर-किशोरी समूहसँगको संवादमा धेरै किशोरीहरूले पारिवारिक दवाब, आर्थिक अवस्थार सामाजिक डरका कारण बालविवाह स्वीकार गर्नुपरेको बताएका छन्।नगरपालिकामाकार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरूले बालविवाह गरेकाकिशोरीहरू स्वास्थ्य संस्थामाआउने, गर्भ परीक्षण गराउने र परामर्श लिने गरेको अनुभव साझा गरेका छन्।उनीहरूको भनाइअनुसार यस्ता जोडीहरूमा प्रजनन स्वास्थ्य, सरसफाइर सुरक्षितमातृत्वसम्बन्धीजानकारीको कमीदेखिन्छ, जुनप्रारम्भिकविवाहसँगजोडिएको गम्भीर स्वास्थ्यजोखिमहो।

यसका साथै "छिटो विवाह गरे घरपरिवारलाई सहयोग हुन्छ", बालिकाको शारीरिक विकासलाई उमेरसँगतुलनागर्ने, बालबालिका र अभिभावकबीचखुला संवादको कमी, तथा छोरा-छोरीबीचकायमअसमानव्यवहारजस्ता सामाजिकमान्यताहरूले बालविवाह र दाइजो प्रथालाई थप बल पुऱ्याइरहेका छन्।सिम्रौनगढनगरपालिकामा गैरसरकारी संस्थाहरूको सहयोगमाजनचेतनामूलककार्यक्रम, विद्यालयस्तरीय गतिविधि, रेडियो कार्यक्रम, कानुनी सचेतनातथा समुदायस्तरीय पहलहरू सञ्चालनहुँदै आएका छन्।विवाहकालागि वडाबाट उमेर सिफारिस लिनुपर्ने व्यवस्था केहि वडामालागू गरिएको छ, भने पालिकाको बालअधिकार संरक्षण, सम्वर्धन तथाप्रवर्धन सम्वन्धीएकिकृत कार्यविधिले परिकल्पना र निर्दिष्ट गरेबमोजिमबालअधिकार समिति, बाल समूहगठन हुन सकेका छैनन् यद्यपीस्वास्थ्य स्वयम् सेविका, आमा समूह, टोल विकास संस्था जस्ता सामुदायिक संरचनाहरू बालविवाह र दाइजो प्रथाविरुद्ध क्रियाशील रहेका छन्।

यी सबै तथ्यहरूले सिम्रौनगढनगरपालिकामाबालविवाह र दाइजो प्रथाअन्त्यकालागिकानुनीव्यवस्थामात्रपर्याप्त नहुने स्पष्ट देखाउँछन्।समुदायको सोच र व्यवहार परिवर्तन, दाइजोविरुद्ध स्पष्ट सामाजिक सन्देश, अभिभावकलक्षितव्यवहार परिवर्तन कार्यक्रम, किशोर-किशोरी



CamScanner

सशक्तीकरण, शिक्षार स्वास्थ्य सेवासँगजोडिएको हस्तक्षेप, र स्थानीयतहको नेतृत्वमाबहुपक्षीय समन्वयसहितको दीर्घकालीन रणनीति आवश्यकदेखिन्छ।

### ४.२ बालविवाह र दाइजो:मुख्य कारण र असरहरु

बालविवाह र दाइजो प्रथाआपसमागहिरो रूपमाजोडिएका सामाजिक समस्याहरू हुन्, जसले व्यक्ति, परिवार र समाजमा दीर्घकालीननकारात्मक असर पारिरहेका छन्।सिम्रौनगढनगरपालिकालगायतमधेशप्रदेशका धेरै स्थानमा गरिएकोअध्ययन र राष्ट्रिय सर्वेक्षणहरूले देखाएअनुसार यीअभ्यासहरू अझै पनिविभिन्न कारणले निरन्तर भइरहेका छन्।

मुख्य कारणहरू

बालविवाहको प्रमुख कारणका रूपमाकमजोर आर्थिक अवस्था, शिक्षा र जानकारीको स्तर, लैङ्गिकविभेद, सामाजिकतथा सांस्कृतिकमान्यताहरू र असुरक्षाको भावनादेखिन्छ।समुदायमा "छोरी छिटो विवाह गरिदिएजिम्मेवारी सकिन्छ" भन्ने सोच अझै बलियो छ।दाइजो प्रथाले यस सोचलाई थप बल पुऱ्याएको छ। "छोरी जति सानो उमेरमाविवाह गरियो, दाइजो त्यति कम लाग्छ" भन्ने विश्वासका कारण धेरै परिवारहरू छोरीको शिक्षाभन्दाविवाहलाई प्राथमिकता दिन्छन्।सामाजिक सञ्जालको प्रभाव, साथीहरूको देखासिखी र प्रेमसम्बन्धबाट हुने भागीविवाहपनि पछिल्लो समयबालविवाहको नयाँ कारणका रूपमादेखा परेका छन्।

कानुनीव्यवस्थार सजायबारे जानकारी हुँदाहुँदै पनिआफन्तजोगाउने, बदनामीको डरले उजुरी नगर्ने, र विवाहलाई सामाजिकमान्यतादिने प्रवृत्तिव्यापकछ।बालबालिका र अभिभावकबीचखुला संवादको कमी, छोरा-छोरीबीच गरिने असमानव्यवहार, तथाबालिकाको शारीरिक विकासलाई उमेरसँगतुलनागर्नेगलतबुझाइले पनिबालविवाहलाई निरन्तरतादिएको छ।

मुख्य असरहरू

बालविवाहको असर किशोरीहरूको जीवनमागहिरो र दीर्घकालीन हुन्छ।विद्यालय छोड्नुपर्नेअवस्था, शिक्षार सीपविकासकाअवसर गुम्नु, परिपक्व उमेर नपुग्दै गर्भधारण र मातृत्वको बोझबोक्नुपर्नु, र यससँग जोडिएका स्वास्थ्यजोखिमबालविवाहकाप्रत्यक्ष असरहरू हुन्। धेरै किशोरीहरू घरेलु हिंसा, मानसिकतनाव, यौनजन्य हिंसा र दाइजोसम्बन्धीदबाबको सिकार बन्ने गरेका छन्।

दाइजो प्रथाले परिवारमाआर्थिक बोझ बढाउने, ऋणमा फस्ने, र पारिवारिक सम्बन्धमातनावसिर्जना गर्ने गरेको देखिन्छ।दाइजो नल्याएको वाअपेक्षितदाइजो नपुगेको कारण महिलामाथिअपमान, हिंसा र बहिष्करणका घटना हुने गरेका छन्, यद्यपि यस्ता घटनाहरू प्रायःबाहिर नआउने गरेको पाइन्छ। दीर्घकालीन रूपमायसले महिलाको आत्मविश्वास, निर्णय क्षमतार सामाजिक सहभागिताकमजोर पार्दछ।

समाजकालागिबालविवाह र दाइजो प्रथाका असरहरू अझ व्यापक छन्।यसले लैङ्गिकअसमानताकायम राख्छ, गरिबीको चक्रदोहोर्याउँछ, र मानवविकासका सूचकहरूमानकारात्मकप्रभावपार्दछ। राष्ट्रिय तथ्यांकहरूले देखाएअनुसार १८ वर्षभन्दा अघि विवाहगर्नेकिशोरीहरूको अनुपातउच्च रहनु विकासको ठूलो बाधाहो।

### ४.३ बालविवाह र दाइजो प्रथाअन्त्यका शुरूवातीथालनीहरु

सिम्रौनगढनगरपालिकामाबालविवाह र दाइजो प्रथाअन्त्यकालागिविगतकेहीवर्षदेखि विभिन्नतहमाप्रारम्भिकप्रयासहरू सुरु भएका छन्।यद्यपियीप्रयासहरू अझै पर्याप्त नभएपनि, सामाजिक सोच परिवर्तन गर्नेदिशामा महत्वपूर्ण थालनीका रूपमादेखिन्छन्।स्थानीय सरकार, समुदाय, विद्यालय र

गैरसरकारी संस्थाहरूको सहकार्यमा गरिएका यस्ता पहलहरूले बालविवाहविरुद्ध सकारात्मकवातावरण निर्माण गर्न मद्दत पुऱ्याइरहेका छन्।
नगरपालिकाले विवाहदर्ता प्रक्रियामा उमेर प्रमाणीकरणलाई अनिवार्य गर्दै वडाबाट योग्य उमेर पुगेको सिफारिस लिनुपर्नेव्यवस्थालागू गरेको छायसले कम्तीमाऔपचारिक रूपमाबालविवाह रोकथाममा सहयोग पुऱ्याएको छासाथै, बालअधिकार समिति, बाल समूहर स्वास्थ्यआमा समूहजस्ता सामुदायिक संरचनाहरूलाई परिचालन गरी बालविवाह र दाइजो प्रथावारे सचेतनाफैलाउने प्रयासमाछायी संरचनाहरूले समुदायस्तरमाजानकारी प्रवाहगर्ने, जोखिममा रहेकाकिशोर-किशोरी पहिचानगर्ने र अभिभावकसँग संवादगर्नेप्रारम्भिकभूमिकानिर्वाह गरिरहेका छन्।
विद्यालयस्तरमाबालअधिकार, लैङ्गिक समानता र बालविवाहसम्वन्धीजानकारी दिने गतिविधिहरू सञ्चालनहुँदै आएका छन्।शिक्षक र विद्यालयव्यवस्थापन समितिको सहकार्यमाकिशोर-किशोरीहरूलाई जीवनोपयोगी सीप, सुरक्षित सम्बन्ध र कानुनीप्रावधानवारे जानकारी दिनथालिएको छायसले विद्यालयमै अध्ययनरत बालबालिकामा सचेतना बढाउन सहयोग पुऱ्याएको छ।
स्वास्थ्यक्षेत्रमार्फत पनिप्रारम्भिकपहलहरू देखिन्छन्।नगरपालिकामाकार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरूले बालविवाह गरेकावाजोखिममा रहेकाकिशोरीहरूसँग सम्पर्क राख्ने, प्रजनन स्वास्थ्य, सरसफाइर सुरक्षितमातृत्वबारे जानकारी दिने काम गरिरहेका छन्।यसले बालविवाहकाप्रत्यक्ष स्वास्थ्यजोखिमन्यूनीकरणमा केहीहदसम्मयोगदान पुऱ्याएको छ।
साथै, गैरसरकारी संस्थाहरूको सहयोगमा समुदायस्तरमाजनचेतनामूलककार्यक्रम, छलफल, रेडियो कार्यक्रमतथा सांस्कृतिकगतिविधिहरू सञ्चालनभएका छन्, जसले बालविवाह र दाइजो प्रथावारे खुला संवादको वातावरण सिर्जना गर्न थालेका छन्।स्थानीयजनप्रतिनिधि, धार्मिक अगुवार सामाजिकअभियन्ताहरूको सहभागिताले यस्ता सन्देशहरूलाई समुदायसम्म पुऱ्याउन मद्दत गरेको छ।
यद्यपियी सुरुवातीथालनीहरू उत्साहजनकभएपनि, तिनीहरू अझै विखण्डित र सीमितदायरामा रहेका छन्।आगामीदिनमायीप्रयासहरूलाई एकीकृत गर्दै, दाइजो प्रथालाई स्पष्ट रूपमालक्षितगर्ने, अभिभावक र युवक-युवतीलाई केन्द्रमा राख्ने, तथाकानुनीकार्यान्वयनर सामाजिकव्यवहार परिवर्तनलाई जोड्ने व्यवस्थित रणनीति आवश्यकदेखिन्छायसले मात्रसिम्रौनगढनगरपालिकामाबालविवाह र दाइजो प्रथाअन्त्यतर्फ दिगो प्रगति सुनिश्चितगर्न सक्छ।

**५. रणनैतिकयोजनातर्जुमाप्रक्रियामा समावेशी सहभागिता:**

सिम्रौनगढनगरपालिकामाबालविवाह र दाइजो प्रथाअन्त्यकालागि रणनीतिक योजनातर्जुमागर्नेप्रक्रिया सरोकारवालानिकायहरूको समावेशी सहभागितामार्फत अघि बढाइएको छ। यस प्रक्रियामानगरपालिकाकानिर्वाचितजनप्रतिनिधि, विषयगतशाखा, समुदायस्तरीय संरचनातथालक्षित समूहहरूसँग निरन्तर संवाद, छलफल र परामर्श गरिएको छायद्यपियसपटक औपचारिक रूपमा ठूलो रणनीतिक योजनातर्जुमाकार्यशालाआयोजना नगरिएको भएपनि, योजनानिर्माणको प्रक्रियामुख्य रूपमाजानकारी राख्ने व्यक्तिहरुसँगकोअन्तर्वार्ता (KII) र केन्द्रित/लक्षित समूह छलफल (FGD) मार्फत सशक्त रूपमा अगाडि वढाइएको थियो।
नगरपालिकाकाप्रमुख, उपप्रमुख, वडाध्यक्षहरू, स्वास्थ्यशाखा, महिला, बालबालिकातथाज्येष्ठ नागरिक शाखा, प्रहरी प्रतिनिधि, स्वास्थ्यचौकीप्रमुख, महिला स्वास्थ्य स्वयंसेविका, टोलविकास संस्था, वाल समूहतथाकिशोरी समूहकाप्रतिनिधिहरूसँग चरणगत रूपमा संवाद र छलफल गरिएको छायी छलफलहरू कहिले नगरपालिकाको आफ्नै पहलमा त कहिले सहयोगी संस्थाको पहलमा सञ्चालनभएकोथियो । यसरी गरिएको निरन्तर परामर्श प्रक्रियाले स्थानीययथार्थ, समस्या र प्राथमिकताहरूलाई गहिरो रूपमाबुझ्न सहयोग पुऱ्याएको छ।
किशोर-किशोरी, अभिभावक, हालै विवाह गरेका जोडीहरू तथावालविवाहको प्रत्यक्षअनुभव गरेकाव्यक्तिहरूसँगपनिप्रमुख सूचनादाताका रूपमा छुट्टाछुट्टै अन्तर्वार्ता र समूहगत छलफल गरिएको



CamScanner

थियो।यी छलफलहरूवाट वालविवाह र दाइजो प्रथाको वदलिँदा स्वरूप, नयाँ जोखिम कारकहरू तथा समुदायस्तरका व्यवहारगतचुनौतीहरू पहिचानगर्न महत्वपूर्ण जानकारी प्राप्तभएको छ।
रणनीतिक योजनातर्जुमाप्रक्रियामाविद्यमानकानुनीतथानीतिगतदस्तावेजहरूलाई पनि समेत आधारका रूपमालिइएको छ।विशेषत:वालविवाहअन्त्यकालागि राष्ट्रिय रणनीति २०७२, वालविवाहअन्त्यकालागि राष्ट्रिय रणनीतितथाकार्यान्वयनकार्ययोजना२०८२, प्रचलितकानुनहरू, तथा स्थानीय स्तरमातयार गरिएकावाल संरक्षणसम्वन्धीनीतिगतदस्तावेजहरूको अध्ययनतथाविश्लेषण गरी स्थानीय सन्दर्भअनुकूल रणनीति र कार्यदिशा तय गर्न सहयोगलिइएको छ।
यस रणनीतिक योजनातर्जुमाकार्यमाप्रत्यक्ष सहभागी सरोकारवालाहरूवाट प्राप्त सुझाव, अनुभव र पृष्ठपोषणलाई मुख्यआधारका रूपमा ग्रहण गरिएको छ।साथै, आवश्यकताअनुसार सहायक सन्दर्भ अध्ययन र प्राविधिकविश्लेषणलाई पनि समावेश गरी योजनानिर्माणलाई यथार्थपरक, सहभागितामूलक र कार्यान्वयनयोग्यवनाउने प्रयास गरिएको छ।

## ६. रणनीतिक योजनाको मूल्य र मान्यता

- वालविवाह र दाइजो प्रथाकानुनी रूपमा दण्डनीय अपराधभएतापनि, सिम्रौनगढनगरपालिकामायीदुवै अभ्यास पूर्ण रूपमाअन्त्यहुन सकेका छैनन्।विशेषगरी किशोर-किशोरीहरू माफ इन्टरनेट, सामाजिक सञ्जालतथाआधुनिक सञ्चार माध्यमहरूको वढ्दो प्रयोग, भावनात्मक सम्वन्ध, देखासिकी र दाइजो-केन्द्रितलोभका कारण भागीविवाहतथा उमेर नपुग्दै विवाहको जोखिम वढ्दै गएको छ।नेपालको संविधान, २०७२ तथाप्रचलितकानुनले वालविवाह र दाइजो प्रथालाई वन्देज गरेकाले, नगरपालिकाले यीविषयलाई प्राथमिकताका साथ सम्वोधनगर्नेकार्यक्रमहरू केन्द्रितगर्न आवश्यकछ।
- "छोरी अर्काको धन", "छोरा घरको सहारा" जस्ता गहिरो पितृसत्तात्मक सोच र दाइजो दिने-लिने सामाजिकदवाववालविवाह र लैङ्गिकअसमानताको मुख्यआधार हुन्। यस्ता मान्यतामाआमूल परिवर्तन गर्दै छोरीहरूलाई सम्मान, सुरक्षार समानअवसरको वातावरण सिर्जना गर्नु आवश्यकछ।साथै वालबालिकातथाकिशोर-किशोरीहरूले आफ्नो विवाहसम्वन्धी निर्णय स्वतन्त्र सूचित र आफ्नै भावनातथाविचारअनुसार गर्न पाउने अधिकार सुनिश्चितगर्नु यस रणनीतिक योजनाको मूलमान्यताहो।
- वालविवाह र दाइजो प्रथा वहु-आयामिकतथा वहु-सरोकारको सवालभएकाले यसको अन्त्यकालागिएकलप्रयास पर्याप्त हुँदैन। सिम्रौनगढनगरपालिकामानिर्वाचितजनप्रतिनिधि, विषयगतशाखा, प्रहरी, स्वास्थ्य संस्था, विद्यालय, विकास साझेदार, गैरसरकारी संस्था, नागरिक समाज,धार्मिक तथा सामुदायिकअगुवा, अभिभावकतथा स्वयं वालबालिका र किशोर-किशोरीहरूको सक्रियर समन्वयात्मक सहभागिताअनिवार्य छ। त्यसैले नगरपालिकाले प्रभावकारी कार्यान्वयन, समन्वय र अनुगमन संयन्त्रको विकास गरी एकीकृत अभियान सञ्चालन गर्नुपर्नेमान्यता यस योजनाले राखेको छ।
- वालविबाह र दाइजो प्रथाका कारण उत्पन्नजोखिम, हिंसा र वहिष्करणमा परेकाविवाहिततथाअविवाहितबालबालिका र किशोर-किशोरीहरूलाई सशक्तवनाउनु यस रणनीतिक योजनाको महत्वपूर्ण मूल्यहो।उनीहरूलाई शिक्षा, स्वास्थ्य, सीपविकास,आत्मनिर्भरता सुरक्षितजीवनकाअवसरहरू प्रदानगर्दैआफ्नो पूर्ण क्षमताको उपयोगगर्न सक्षमवनाइनु आवश्यक छ जसवाट नगरपालिकाको समग्र सामाजिक र आर्थिक विकासमाउनीहरूको समान सहभागिता सुनिश्चित हुन्छ।
- स्थानीयतहलाई प्राप्त संवैधानिक स्वायत्तताको सदुपयोग गर्दै, सिम्रौनगढनगरपालिकाले आफ्नै नेतृत्वमावालविवाह र दाइजो प्रथाअन्त्यसम्वन्धीनीति, कार्यक्रम र कार्ययोजनानिर्माण

तथाकार्यान्वयन गर्नुपर्नेआवश्यकता यस योजनाले स्वीकार गरेको छ।उपलब्ध स्रोत-साधनको पहिचानर प्रभावकारी परिचालनमार्फत बालबालिकाको सर्वोत्तमहितलाई केन्द्रमा राखीदिगो परिवर्तन ल्याउनु रणनीतिक प्राथमिकताहो।

- सिम्रौनगढनगरपालिकालाई बालविवाह, दाइजो प्रथालगायत बालबालिकाविरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण, बेवास्ता र दुर्व्यवहारबाट मुक्त स्थानीयतहको रूपमा स्थापितगर्नु यस रणनीतिक योजनाको दीर्घकालीनलक्ष्यर साझा प्रतिबद्धता हो।यसकालागि सबै सरोकारवालालाई उत्तरदायी, संवेदनशील र प्रतिबद्ध बनाउनु आवश्यकमानिएको छ।

## ७. रणनीतिक योजनाका सिद्धान्तहरू

सिम्रौनगढनगरपालिकामाबालविवाहतथादाइजो प्रथाअन्त्यकालागितयार पारिएको यस रणनीतिक योजनानिम्न सैद्धान्तिक मान्यताहरूमाआधारित रहेको छ।यी सिद्धान्तहरूलाई आत्मसात् गर्दैयोजनाकार्यान्वयन, अनुगमनतथामुल्याङ्कन गरिनेछ।

### ७.१. समानताको अधिकार

प्रत्येकबालबालिकालाई लिङ्ग, उमेर, जातीयता, धर्म, भाषा, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, वैवाहिकस्थिति, संस्कृतिवाअन्यकुनै पनिआधारमाभेदभावनगरी समानअधिकार प्राप्तहुनुपर्दछ।बालविवाह र दाइजो प्रथाअन्त्यका सबै कार्यक्रमतथा सेवाहरू समानपहुँचर समावेशितामाआधारित रहनेछन्।

### ७.२. बालबालिकाको सर्वोत्तमहित

बालबालिकासँग सम्वन्धितकुनै पनिनीति, कार्यक्रमवा निर्णय गर्दा उनीहरूको शारीरिक, मानसिक, सामाजिक र भावनात्मकविकासलाई केन्द्रमा राख्दै सर्वोत्तमहित सुनिश्चित गरिनेछ।बालविवाह र दाइजोका कारण उत्पन्नजोखिमहरूबाट बालबालिकालाई जोगाउनु यस योजनाको प्राथमिकमान्यताहो।

### ७.३. बालबचाउ र विकासको अधिकार

प्रत्येकबालबालिकालाई सुरक्षित, सम्मानजनकर सहयोगीवातावरणमा हुर्किन पाउने, शिक्षा, स्वास्थ्य, पोषण, सीपविकास तथाआत्मनिर्भर जीवनकाअवसर प्राप्तगर्नेअधिकार सुनिश्चित गरिनेछ।बालविवाह र दाइजो प्रथाले बालबालिकाको समग्र विकासमा पुऱ्याउने नकारात्मक असर न्यूनीकरण गर्नु यस योजनाको मुख्य उद्देश्यहो।

### ७.४. संरक्षणको सुनिश्चितता

बालविवाह, दाइजो प्रथातथाअन्य सबै प्रकारका हानिकारक अभ्यास, हिंसा, शोषण, उपेक्षा र दुर्व्यवहारबाट बालबालिकातथाकिशोर-किशोरीहरूको प्रभावकारी संरक्षण गरिनेछ।जोखिममा रहेकातथाप्रभावितबालबालिकाकालागि समयमै उद्धार, परामर्श, न्यायमापहुँच र पुनर्स्थापना सेवाहरू प्रवर्द्धन गरिनेछ।

### ७.५. अर्थपूर्ण सहभागितार सशक्तिकरण

बालबालिकातथाकिशोर-किशोरीहरूलाई उनीहरूको उमेर र परिपक्वताअनुसार आफ्नाविचार व्यक्तगर्न, सुन्ने र निर्णय प्रक्रियामा सहभागीहुने अवसर प्रदान गरिनेछ।विशेष गरी बालिकाहरूको सशक्तिकरणमार्फत विवाह, शिक्षा र जीवनसम्बन्धी निर्णय प्रक्रियामाउनीहरूको पहुँच र नेतृत्वक्षमताअभिवृद्धि गरिनेछ।

### ७.६. बालमैत्रीवातावरणको प्रवर्द्धन



CamScanner

परिवार, विद्यालय, सरकारी कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक, सार्वजनिक स्थल, डिजिटल संरचनातथा सञ्चार माध्यमहरूमा सवै वालवालिकाकालागि सुरक्षित, समावेशी र मैत्रीपूर्ण वातावरण सिर्जना गर्न सिम्रौनगढ नगरपालिका निरन्तर प्रयासरत रहनेछ।वालवालिकासँग सम्बन्धित सेवा, संरचना र कार्यक्रमहरूमाउनीहरूको सहजपहुँच सुनिश्चितगर्न चेतनाअभिवृद्धि तथा निरन्तर वकालत गरिनेछ।

### ७.७. राज्यर स्थानीयतहको दायित्व

नेपालको संविधान, दिगो विकास लक्ष्य (२०१६-२०३०) तथाअन्य राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिवद्धताअनुसार वालविवाह र दाइजो प्रथालाई वालअधिकार उल्लङ्घनका रूपमा स्वीकार गर्दैयसको रोकथाम, संरक्षण र न्यायमापहुँच सुनिश्चितगर्नु राज्यतथा स्थानीयतहको दायित्वहो। यस रणनीतिक योजनामार्फत सिम्रौनगढ नगरपालिकाले आफ्नै नेतृत्वमाप्रभावकारी नीति, कार्यक्रमर समन्वयात्मकपहल अघि वढाउने प्रतिवद्धता व्यक्तगर्दछ।

## ८. रणनीतिक दावीविवरण

### ८.१ परिकल्पना

"वालविवाह र दाइजो मुक्त, सुरक्षितर समृद्ध वालमैत्रीसिम्रौनगढ "

### ८.२ ध्येय

वालअधिकारको पूर्ण प्रत्याभूतिगर्दैवालविवाहतथादाइजो प्रथामुक्त, सुरक्षित, समानर सम्मानजनक समाजको स्थापनागर्नु।

### ८.३ लक्ष्य

वि.सं. २०८७ सालभित्रसिम्रौनगढ नगरपालिकामावालविवाहको अन्त्यगर्नु तथादाइजो प्रथालाई सामाजिक रूपमाअस्वीकार्य अभ्यासका रूपमा रूपान्तरण गर्नु।

### ८.४ उद्देश्यहरू

माथिउल्लेखितलक्ष्यहासिलगर्नका लागिदेहायवमोजिमका उद्देश्यहरू निर्धारण गरिएको छ:

**क्षमताअभिवृद्धि र व्यवहार परिवर्तनतालिम, अन्तरक्रिया, प्रतियोगिता, कार्यशाला, बैठक, समुदायस्तरीय छलफल, भ्रमण तथाअनुभवआदान-प्रदानजस्ता** कार्यक्रममार्फत वालवालिकातथाकिशोर-किशोरीहरूको ज्ञान, सीप र आत्मविश्वास अभिवृद्धि गरी उनीहरूलाई वालविवाहतथादाइजो प्रथा विरुद्ध परिवर्तनका संवाहकवनाइनेछ।

**शिक्षामापहुँच र निरन्तरता सुनिश्चितता**

विद्यालयहरूको अनुगमनतथा स्तरोन्नतिगर्दै सवै वालवालिकातथाकिशोर-किशोरीकालागि गुणस्तरीय औपचारिक तथाअनौपचारिक शिक्षा सुनिश्चित गरिनेछ।माध्यमिकतहसम्मअध्ययन निरन्तरताकायमगर्न विशेष प्रयास गरिनेछ, जसले वालविवाह र दाइजो प्रथाको जोखिमन्यूनीकरणमा योगदान पुऱ्याउनेछ।

**समुदायस्तरमा सहभागितामूलकपहल**



CamScanner

वस्तीस्तरमा सञ्चालनहुने वालविवाहतथादाइजो अन्त्यका[illegible]मूलककार्यक्रमहरू मार्फत बालक, किशोर, पुरुषतथाअभिभावकहरूको सक्रिय सहकार्य र सहभागिता सुनिश्चित गरिनेछ, जसले सामाजिक सोच र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकियोस्।

**परिवारको उत्तरदायित्व र जवाफदेहिता**

बालविवाह र दाइजो प्रथाअन्त्यमा परिवार तथाआफन्तको प्रमुखभूमिका रहने भएकाले उनीहरूलाई जिम्मेवार र जवाफदेहीवनाइनेछ। गैरजिम्मेवार व्यवहार गर्नेव्यक्तिहरूलाई विद्यमानकानूनअनुसार कारवाहीतथा दण्ड-जरिवानाको व्यवस्थाप्रभावकारी रूपमालागू गरिनेछ।

**नीति, कार्यविधि र बहुवर्षीय कार्ययोजनाविकास**

वालविवाहतथादाइजो प्रथाअन्त्यकालागिएकीकृत आवधिकयोजना, कार्यविधितथाबहुवर्षीय कार्ययोजनातयार गरी कार्यान्वयनकालागिआवश्यक वजेट सुनिश्चित गरिनेछ।

**समन्वयात्मक र प्रभावकारी कार्यान्वयन**

वालविवाह र दाइजो विरुद्ध सञ्चालनहुने कार्यक्रमहरूमादोहोरोपना हटाई सवै सरोकारवालावीचप्रभावकारी समन्वय, सहकार्य र सञ्चार कायमगर्दै ठूलो प्रभावपार्ने सघन कार्ययोजनालागू गरिनेछ।

**अनुगमनतथामूल्याङ्कन प्रणाली सुदृढीकरण**

वालविवाहतथादाइजो अन्त्यकालागि सञ्चालन गरिएकाकार्यक्रमहरूको नियमितअनुगमन, मूल्याङ्कनतथासिकाइआदान-प्रदानलाई प्रभावकारी वनाइनेछ।

**स्रोत परिचालनर संस्थागतक्षमताअभिवृद्धि**

सिम्रौनगढ नगरपालिकातथाविकास साझेदार संस्थाहरूको सहकार्यमाउपलब्ध स्रोत-साधनको पहिचान र प्रभावकारी परिचालन गरिनेछ।साथै सरोकारवालानिकायहरूको संस्थागतक्षमताअभिवृद्धि गर्दैदिगो कार्यान्वयन सुनिश्चित गरिनेछ।

माथिउल्लेखित उद्देश्यहरू कार्यान्वयनगर्न विस्तृत कार्ययोजनातयार गरी तुरुन्तै कार्यान्वयनमाल्याइनेछ।यो विस्तृत कार्ययोजना अनुसूची २माउल्लेख गरिएको छ।

## ९. रणनीति

### ९.१ रणनीति

यस रणनीतिक योजनाले लिएका उद्देश्यहरू प्रभावकारी रूपमाहासिलगर्न सिम्रौनगढ नगरपालिकाले देहायबमोजिमकाव्यवहारिक, समन्वयात्मकतथादिगो रणनीतिहरू अवलम्वनगर्नेछ:

**लैङ्गिक रूपान्तरणात्मक दृष्टिकोणको प्रयोग**

वालिकातथाकिशोरीहरूको सशक्तीकरणका लागिलैङ्गिक समानता, सामाजिकमान्यतामा परिवर्तन र शक्ति सम्वन्ध रूपान्तरणलाई केन्द्रमा राखीकार्यक्रमहरू सञ्चालन गरिनेछ, जसले वालविवाह र दाइजो प्रथाको जडमै प्रहार गर्नेछ।



CS CamScanner

### उच्चजोखिममा रहेका समूहलाई प्राथमिकता

वालविवाहतथादाइजो प्रथाको उच्चजोखिममा रहेकाविशेषगरी सीमान्तकृत, विपन्न समुदायकाबालिका, किशोरी, विवाहितबालिकातथामहिलाहरूलाई [illegible] कार्यक्रमहरूको प्रत्यक्षलाभान्वित समूहका रूपमाप्राथमिकताका साथ संहभागी गराइनेछ।

### परिवार र समुदायकेन्द्रित सामाजिक परिचालन

सामाजिक परिचालनविधिमार्फत परिवार, अभिभावक, समुदायकाअगुवा, धार्मिक तथा सामाजिकव्यक्तित्वहरूलाई बालविवाह र दाइजो अन्त्यकालागि सकारात्मक सोच र व्यवहार परिवर्तनमा संलग्न गराइनेछ।

### बालकेन्द्रित सामुदायिकविकासको अवधारणा

वालबालिका र किशोर-किशोरीलाई विकासको केन्द्रमा राखीउनीहरूको सुरक्षा, शिक्षा, स्वास्थ्यर सहभागितालाई प्राथमिकतादिँदै बालकेन्द्रित सामुदायिकविकासकाकार्यक्रमहरू सञ्चालन गरिनेछ।

### सवाल-आधारित सामूहिक पैरवीअभियान

वालविवाह र दाइजो प्रथाअन्त्यकालागिकानुनीकार्यान्वयन, सामाजिकउत्तरदायित्व र व्यवहार परिवर्तनमाकेन्द्रित सवाल-आधारित सामूहिक पैरवीअभियान निरन्तर सञ्चालन गरिनेछ।

### बालक, किशोर तथा पुरुषहरूको अर्थपूर्ण सहभागिता

बालविवाह र दाइजो प्रथाकेवलमहिलावाबालिकाको मुद्दा नभएकाले वालक, किशोर तथा पुरुषहरूको सक्रिय सहभागिता सुनिश्चित गरी समानजिम्मेवारीको भावनाविकास गरिनेछ।

### राष्ट्रिय तथाप्रादेशिक रणनीतिसँग समन्वय

संघीय तथामधेशप्रदेश सरकारले वालविवाह र दाइजो अन्त्यकालागि अघि सारेकानीति, रणनीति तथाकार्ययोजनासँग समन्वयहुने गरी स्थानीयकार्ययोजनानिर्माण गरी राष्ट्रिय लक्ष्यप्राप्तिमायोगदान पुऱ्याइनेछ।

### साझाबुझाइर समन्वयको विकास

नगरपालिका, वडा समिति, राजनीतिक दल, नेपालप्रहरी, सामाजिक संघसंस्था, वाल संमह किशोरी तथायुवा सञ्जाल, महिला समूह, परिवार तथाअन्य सरोकारवालाहरू बीचवार्तालापमार्फत र दाइजो शून्यमाझार्ने साझालक्ष्यप्रति समानवुझाइ र प्रतिवद्धता विकास गरिनेछ।

### बहुवर्षीय एकीकृत योजना र बजेट सुनिश्चितता

सिम्रौनगढ नगरपालिकाले वालविवाहतथादाइजो अन्त्यकालागिवहुवर्षीय एकीकृत आवधिक योजनातर्जुमा गरी वार्षिक योजना र वजेटमार्फत प्रभावकारी रूपमाकार्यान्वयनगर्नेछ।

### नीतितथाकानुनी सुदृढीकरणका लागि पैरवी

स्थानीय सरकार सञ्चालनऐन, २०७४ तथा सम्वन्धितकानूनहरूमावालविवाह र दाइजो अन्त्यसम्वन्धी स्पष्ट मापदण्ड र कार्यविधिअनिवार्य रूपमा समावेश गर्न पैरवी गरिनेछ।



CamScanner

**अनुगमन, सुपरीवेक्षण र मूल्याङ्कन प्रणाली विस्तार**

वालविवाहतथादाइजो अन्त्यकाकार्यक्रमहरूको प्रभावकारिता सुनिश्चितगर्न प्रत्येक वडा कार्यालयस्तरमाअनुगमन, सुपरीवेक्षण तथामूल्याङ्कन संयन्त्रविस्तार र सुदृढीकरण गरिनेछ।

**संस्थागतक्षमताअभिवृद्धि**

वाल समूह, किशोरी तथायुवा सञ्जाल, महिला समूहतथावालअधिकार संरक्षणमा क्रियाशील संघसंस्थाहरूको संस्थागतक्षमताअभिवृद्धि गरी दिगो अभियान सञ्चालनमा सहयोग पुऱ्याइनेछ।

**स्रोत परिचालनर सेवाप्रवाह सुदृढीकरण**

नगरपालिकाको सेवाप्रवाहलाई चुस्तवनाउँदै विकास साझेदार संस्थाहरूसँगको सहकार्यमावालविवाह र दाइजो अन्त्यकालागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गरिनेछ।

**मुलप्रवाहीकरण**

नगरपालिकामाकार्यरत संघसंस्थाहरूले सञ्चालनगर्ने सबै विकास तथा सामाजिककार्यक्रमहरूमावालविवाह र दाइजो अन्त्यलाई अन्तरसम्वन्धित सवालका रूपमा समावेश गर्न प्रोत्साहित गरिनेछ।

९.२ कार्ययोजनाकामान्यताहरु

सिम्रौनगढ नगरपालिकाले वालविवाहतथादाइजो प्रथाअन्त्यकालागितयार गरिने सबै रणनीतिक तथाकार्ययोजनाहरू देहायकामूलमान्यताहरूमाआधारित भई कार्यान्वयनगर्नेछः

- रणनीतिक योजनातथाकार्ययोजनाका सबै कार्यक्रम र गतिविधिहरू वालवालिकातथाकिशोर-किशोरीको सर्वोत्तमहितलाई केन्द्रमा राखीतर्जुमा र कार्यान्वयन गरिनेछ।
- कार्ययोजनाअन्तर्गत गरिने सम्पूर्ण प्रयासहरू बालवालिकाको संरक्षण, सुरक्षितजीवन, शारीरिक तथामानसिक स्वास्थ्य, शिक्षार समग्र विकास सुनिश्चितगर्न समर्पित हुनेछन्।
- नगरपालिकाले आफ्नाक्षेत्रभित्रका सबै सेवाप्रदायकनिकायहरूलाई बालविवाहतथादाइजो प्रथाअन्त्यमाप्रभावकारी योगदान पुऱ्याउन र आफ्नाभूमिकाप्रतिगम्भीर रूपमाजवाफदेहीवन्न प्रेरित तथावाध्यवनाउनेछ।
- स्थानीयतहको वार्षिक योजनातथा वजेट तर्जुमादिग्दर्शनअनुसार वालविवाहतथादाइजो अन्त्यलाई प्राथमिकताका रूपमा समावेश गरी आवश्यक वजेट सुनिश्चितगर्न प्रदेश/संघीय सरकारसँग निरन्तर पैरवी गरिनेछ।
- वालविवाहतथादाइजो प्रथावाट उत्पन्न सामाजिक, शैक्षिक, स्वास्थ्यतथा संरक्षणसम्वन्धी असरहरू राज्यको दायित्वभित्रपर्नेविषयभएकोले राज्यले त्यसको जिम्मेवारी वहन गर्नुपर्नेमान्यतालाई आत्मसात गरिनेछ।
- नगरपालिकाले वालविवाहतथादाइजो प्रथा विरुद्धको अभियानलाई आवधिकयोजनातर्जुमा गरी प्राथमिकताका साथ शीघ्र कार्यान्वयनमालैजानेछ, ताकिदिगो र प्रभावकारी परिणाम हासिलगर्न सकियोस्।

**१०.कार्ययोजनाको समय र सरोकारवाला**



CamScanner

१०.१समयसीमा

यस रणनीतिक योजनाको समयावधी५वर्ष(२०८३-२०८८) रहनेछ।

१०.२ सरोकारवाला

रणनीतिक योजनाको मुख्यलक्षित समूहहरू देहायवमोजिम छन्:

अ) प्रत्यक्ष सरोकारवाला:

१. वालवालिकातथाकिशोर-किशोरी मुख्य रूपमावालविवाहको जोखिममा रहेकाविशेषवर्ग सीमान्तकृत तथाविपन्न समुदायकावालिका/किशोरी र विवाहिततथायुवामहिलाहरू
२. उनीहरूका परिवारजन र अभिभावक

आ) अप्रत्यक्ष सरोकारवाला:

१. सरकार र सरकारका निकायहरू
२. स्थानीय गैरसरकारी संघ, संस्थाहरू
३. स्थानीय सहकारी, लघुवित्त कम्पनी र शैक्षिक संस्थाहरु
४. स्थानीयतहमा रहेकाविभिन्न छाता संगठनहरू
५. पत्रिका, रेडियोतथाविभिन्नसञ्चार माध्यमहरु
६. धार्मिक संस्थाहरू
७. धार्मिक गुरुहरु
८. स्वयम्सेविकातथास्वास्थ्यआमा समूहहरू
९. वालसमूह र किशोर-किशोरी सञ्जाल
१०. टोलविकास संस्थालगायतअन्यविभिन्नस्थानीय समूहएवम् सञ्जालहरू
११. समुदाय

## ११. जिम्मेवारी र भूमिका

११.१. स्थानीय सरोकारवालाहरू र नगरपालिकाकावीच सम्वन्ध र जिम्मेवारी

| क. सं. | स्थानीय सरोकारवालाहरू ( सरकारी निकाय, संघ, संस्थार संयन्त्र) | रणनीति तथाकार्ययोजनाकार्यान्वयनमा नगरपालिकासँगको सम्बन्ध | सरोकारवालाहरूको विशेषजिम्मेवारी |
|---|---|---|---|
| १ | वडा कार्यालयहरू | मार्गदर्शन/निर्देशनप्राप्तगर्ने, सहकार्यमाकार्यान्वयनगर्ने र जिम्मेवारी लिने | स्थानीय सरकार सञ्चालनऐन, २०७४ माउल्लेखबालविवाह, दाइजो प्रथाअन्त्यकालागिकार्यहरू गर्नेजिम्मेवारी लिने। |
| २ | शैक्षिक संस्थाहरु | निर्देशनप्राप्तगर्ने, सहकार्य, नियमन र कार्यान्वयन | सामाजिकविषयको अध्यापकलाई वालविवाह, दाइजो प्रथाकानकारात्मकपक्षहरूबारे वालवालिकाहरूलाई अनुशिक्षण गर्ने गरी जिम्मेवार वनाउने, वालवालिकाहरूलाई |

| | | | |
|---|---|---|---|
| | | | वालविवाह, दाइजो प्रथाविरुद्ध परिवर्तनको संवाहकवनाउने अतिरिक्तक्रियाकलापहरु सञ्चालनगर्ने । |
| ३ | बालअधिकार समिति | निर्देशनप्राप्तगर्ने, समन्वय, सहयोग र सहकार्य | घटना व्यवस्थापन, अभिलेखीकरण, जोखिममा रहेको समूहपहिचानगर्ने, वालविवाह, दाइजो प्रथाविरुद्ध अभियान, सचेतना, सूचनाप्रवाह । |
| ४ | विषयगतशाखा | निर्देशनप्राप्तगर्ने, सहकार्य, नियमन र कार्यान्वयन | वालविवाहको जोखिममा रहेका परिवारलाई सेवा, सुविधा सरल तरिकावाट उपलब्ध गराउने, सो सम्वन्धमाकार्यनीतिवनाउने आफ्ना शाखाकाकार्यक्रमहरु मार्फत वाल संरक्षणका विषयहरुलाई समावेश गर्ने । |
| ५ | सुरक्षानिकायहरू | निर्देशनप्राप्तगर्ने, सहकार्य, नियमन र कार्यान्वयन | वालविवाह, दाइजो प्रथाविरुद्ध कानूनकार्यान्वयनतथा कारवाही ।सामुदायिकप्रहरी अन्तर्गत साझेदारी कार्यक्रम । |
| ६ | गैरसरकारी संघ, संस्था | समन्वयर सहकार्य | वालविवाह,दाइजो प्रथाअन्त्यकालागि साझेदारी विकास, संयुक्तयोजनानिर्माण र कार्यान्वयन । |
| ७ | महिला/आमा समूह | सहकार्य, समन्वय, सचेतना र खवरदारी | घरमावालवालिकाको शिक्षा, पोषण र सहभागिता सुनिश्चतगर्ने, वालविवाह, दाइजो प्रथा विरुद्धको अभियानमा सहभागी र अन्य संघ, संस्थातथाकार्यालयहरूसंग सहकार्य गर्ने । |
| ८ | महिला स्वास्थ्य स्वयम्सेविका | निर्देशनप्राप्तगर्ने सहकार्य र समन्वय | वालवालिकाहरूको स्वास्थ्य निरीक्षण, घरदैलो अभियानगर्ने, वालविवाहविरुद्ध सूचनाप्रवाह, सवै शिशुहरूको खोपमापहुँचवृद्धि गर्ने, स्वास्थ्य सूचनातथा सेवाप्रवाहगर्ने । |
| ९ | वाल/युवाक्लव | सहकार्य, समन्वय, सहभागिता, अनुगमन र खवरदारी<br>नियमन, सहयोग र सहकार्य | बाल सहभागिताअभिवृद्धि, वालविवाह, दाइजो प्रथाविरुद्ध घरदैलो अभियानगर्ने, नगरपालिकालाई कार्ययोजनाअनुसार कार्य गर्न सहयोग गर्ने । आफ्नो नियमित वैठकमा वालविवाहविरुद्ध एजेन्डा राखी छलफल गर्ने । |
| १० | व्यवसायी, उद्योगी | नियमन, सहयोग र सहकार्य | वालविवाहको जोखिममा रहेकाकिशोरी, युवामहिलाहरूलाई रोजगारी र इन्टर्नसिप सहयोग । छापा व्यवसायीहरुले विहेका कार्ड छाप्दा उमेरको एकिन गरेर मात्र छाप्ने । |
| ११ | राजनीतिकदलहरू | साझा प्रतिवद्धताका लागि सहजीकरण, समन्वय, | वालविवाह र दाइजो प्रथाअन्त्यकालागि समानअवधारणासहितजिम्मेवारीवोध, |



CamScanner

| | | | |
|---|---|---|---|
| | | सहकार्य र नेतृत्वलिने | वालविवाह, दाइजो प्रथाकोअन्त्यकालागि नेतृत्वलिने, नीति, नियमको विकास गर्ने । |
| १२ | सञ्चार जगत | समन्वयर सहकार्य | वालविवाह, दाइजो प्रथाअन्त्यकालागि सूचनाप्रवाह र सरोकारवालाहरूसँग छलफल, सरोकारवालाहरुको प्रतिवद्धता लिने । |
| १३ | अभिभावकतथाशिक्षक | कार्यान्वयन, नियमन, समन्वयं, सहकार्य रखबरदारी | वलविवाह, दाइजो प्रथाविरुद्ध जिम्मेवारी वोध, छोराछोरीलाई सहयोग, नीति, नियमको पालना, सक्रिय सहकार्य |
| १४ | सहकारी | सहयोग र सहकार्य | शेयर सदस्यहरुलाई वालअधिकार प्रवर्द्धनकालागिमनोप्रामर्श एवम् छलफल गर्ने |
| १५ | धर्मगुरुहरू | समन्वयर सहकार्य | जिम्मेवारीपूर्वक वालविवाहनगराउने, लगन निकाल्नु पर्नेभएमा २० वर्ष पारी निकालिदिने, वालविवाह र धार्मिकतावीचकुनै सम्वन्धछैनभन्ने वकालतगर्ने । चेतनामूलककार्यक्रमगर्ने |
| १६ | सामुदायिकवन | कार्यान्वयन, नियमनर समन्वय | समिति सदस्यहरूलाई वालविवाह, दाइजो प्रथान्यूनीकरणमा योगदानगर्न आह्वानगर्ने |
| १७ | टोलविकास संस्था | सहकार्य, समन्वय, निगरानी र खबरदारी | टोलस्तरमावालविवाह र दाइजो प्रथाविरुद्ध नियमित छलफल र सचेतनाकार्यक्रम सञ्चालन गर्ने, जोखिममा रहेका वालबालिकातथा परिवार पहिचान गरी वडा कार्यालय, बालअधिकार समितितथा सम्वन्धितनिकायलाई जानकारी गराउने, समुदायभित्रहुने वालविवाह र दाइजोसम्वन्धीगतिविधिमा सामाजिकनिगरानीतथाखबरदारी गर्ने, तथानंगरपालिकाको रणनीति र कार्ययोजनाअनुसार कार्यक्रमकार्यान्वयनमा सहजीकरण गर्ने । |
| १८ | महिला, वालवालिकातथाजेष्ठ नागरिक शाखा | निर्देशनप्राप्तगर्ने, सहकार्य, नियमन र कार्यान्वयन | वालविवाहको जोखिममा रहेका परिवारलाइ सेवा, सुविधा सरल तरिकावाट उपलव्ध गराउने, वालविवाह, दाइजो प्रथाअन्त्य सम्वन्धमाकार्यनीतिवनाउने आवश्यक रणनीति, कार्यविधिकालागिपहलगर्ने, निर्माणका निम्ति सहजीकरण गर्ने समुदायमाआधारित वाल संरक्षण प्रणालीको सवलीकरणमा कामगर्ने |



CamScanner

| | | | |
|---|---|---|---|
| | | | समन्वय, स[illegible]का[illegible] |
| १९ | स्वास्थ्य संस्था | निर्देशनप्राप्तगर्ने, सहकार्य, नियमन र कार्यान्वयन | बालीवा[illegible] स्वास्थ्य निरीक्षण, घरदैलो अभियानगर्ने, वालविवाहविरुद्ध सूचनाप्रवाह, सवै शिशुहरूको खोपमापहुँचवृद्धि गर्ने, स्वास्थ्य सूचनातथा सेवाप्रवाहगर्ने । |

११.२. क्षमताअभिवृद्धि समिति

सरकारी, गैरसरकारी समुदायको क्षमताअभिवृद्धि गर्न, अनुगमनतथा पृष्ठपोषण गरी कार्यक्रमलाई प्रभावकारी बनाउन, एकद्वार प्रणाली मार्फत्दोहोरोपन हटाउन र वहुआयामिकतथाएकीकृत असर पारी वालविवाह, दाइजो प्रथाको अन्त्यगर्नकालागि समितितयार पारिने छ ।

ज़िम्मेवारी

- नगरपालिकामाउपस्थितमानव स्रोत परिचालन ।
- आवश्यकताअनुसार तालिमतथाअन्तरक्रिया सञ्चालनगर्ने ।
- पदाधिकारी, शाखाकर्मचारीहरू र समुदायको मानवीयक्षमताविकासमायोजनावद्ध कार्यक्रम सञ्चालनगर्ने ।
- वालविवाह, दाइजो मुक्त वडा घोषणामा सहयोग गर्ने ।
- वालकोषअभिवृद्धिमा पैरवीगर्ने ।
- आवश्यकताकाआधारमा ज्ञान, सीप, प्रविधिविकास गर्न तालिम, गोष्ठी, अध्ययनअवलोकन भ्रमणका कार्यक्रमपर्याप्त सञ्चालनगर्ने ।
- नगरपालिकामा सञ्चालितकार्यक्रमको अनुगमनतथा पृष्ठपोषण गर्ने ।
- कार्यक्रमलाई प्रभावकारी वनाउन, एकद्वार प्रणाली मार्फत दोहोरापन हटाउन भूमिकाखेल्ने ।
- वहुआयामिकतथाएकीकृत असर पारी वालविवाह र दाइजो प्रथाको अन्त्यगर्न एकीकृत कार्ययोजनातयार पार्ने। वास्केट फण्ड(डालो कोष)को विकास गरी सघन कार्यक्रम सञ्चालनतालिकासहित बैठक राख्ने र परिचालनगर्ने।

११.३ कार्यान्वयन, समन्वय र अनुगमनतथामूल्याङ्कन समिति

यस रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन, समन्वयतथानियमितअनुगमन-मूल्याङ्कन सुनिश्चितगर्न वरहथवसिम्रौनगढ नगरपालिकामाकार्यान्वयन, समन्वयतथाअनुगमन-मूल्याङ्कन समिति गठन गरिनेछ।उक्त समितिमानगरपालिकाको नेतृत्वदायीभूमिका रहनेछ। यस समितिले "वालविवाहअन्त्यकालागि राष्ट्रिय रणनीति, २०७२","वालविवाहअन्त्यकालागि राष्ट्रिय रणनीतितथाकार्यान्वयनकार्ययोजना२०८२"तथादाइजो प्रथाअन्त्यसम्वन्धीविद्यमान राष्ट्रिय कानुनीतथानीतिगतव्यवस्थाको मर्मअनुसार संघीय सरकार र मधेशप्रदेश सरकारसँगआवश्यक समन्वयगर्दैकार्य गर्नेछ। रणनीति तथाकार्ययोजनाको कार्यान्वयनकालागिनगरपालिकाको प्रमुखप्रशासकीयअधिकृतको संयोजकत्वमादेहायवमोजिमका



CamScanner

सम्बन्धितशाखा, निकायतथा सरोकारवालाकाप्रतिनिधिहरू सम्मिलित समिति रहनेछ। समितिले यस रणनीति तथाकार्ययोजनामा समावेश गरिएकावालविवाह र दाइजो प्रथा विरुद्धका कार्यक्रमतथाक्रियाकलापहरूलाई नगरपालिकाभित्रका वडा कार्यालयहरू, [illegible], विद्यालय, स्वास्थ्य संस्थाहरू, गैरसरकारी संस्थाहरू तथानागरिक समाजसँग समन्वय गरी वार्षिक योजनातथाकार्यक्रममार्फत प्रभावकारी रूपमाकार्यान्वयन, समन्वय, अनुगमनतथामूल्याङ्कन गर्नेछ। यस समितिको काम, कर्तव्य र अधिकारहरू, आवश्यकता र प्राथमिकताको आधारमाअनुसूची ३माउल्लेखभएअनुसार निर्धारण गरिनेछ।आवश्यकताअनुसार समितिको कार्यसम्पादनप्रभावकारी वनाउन उप-समितित्राकार्यदल गठन गर्न सकिने व्यवस्था समेत रहनेछ।

| | |
|---|---|
| १)प्रमुखप्रशासकीयअधिकृत, नगरपालिकाको कार्यालय | संयोजक |
| २) वडा अध्यक्षमध्येबाट ३ जना (कार्यपालिकाले तोके वमोजिम) | सदस्य |
| ३) नगरकार्यपालिकाको महिला सदस्य (कार्यपालिकाले तोके वमोजिम) | सदस्य |
| ४) प्रमुख, शिक्षाशाखा | सदस्य |
| ५) प्रमुख, स्वास्थ्यशाखा | सदस्य |
| ६) पालिकास्तरीय वाल समूह सञ्जालबाट १जनावालक १जनावालिका | सदस्य |
| ७) समितिले तोकेको नागरिक समाजको (कम्तिमाएक जनामहिलासहित) ३ जनाप्रतिनिधि | सदस्य |
| ८) महिला, बालवालिकातथाजेष्ठ नागरिकशाखा | सदस्य सचिव |

## १२. रणनीतिक योजनाका सफलताका सूत्रहरू

१२.१ रणनीतिको विभिन्नमाध्यममार्फत्प्रचारप्रसार गर्ने ।

१२.२ विद्यमानकानूनको कार्यान्वयनमा जोड दिनुपर्ने ।

१२.३वालिका र किशोरीको सशक्तीकरण गर्न, उनीहरुकालागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न, वालक, किशोर तथा पुरुषहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न ,परिवार र समुदायलाई सक्रिय रुपमा परिचालन गर्न,आवश्यकसेवाप्रवाहलाई प्रभावकारी बनाउने, साथैकानुन र नीतिको सुदृढीकरण र प्रभावकारी कार्यान्वयनमा जोड़ दिने ।

१२.४ नगरपालिकाले आवधिकयोजनावनाई कार्यान्वयनगर्ने । संघ, संस्थाहरूलाइ साहायोजना अनुसार कार्यक्रममा समायोजन गर्न रकार्यान्वयनगर्नकालागि समन्वयर सहकार्य गर्ने ।

१२.५ नगरपालिकावाट गर्नुपर्नेअनुगमन र मूल्याङ्कननियमितगर्ने।


१२.६ विद्यमान संयन्त्रहरू र सरोकारवालाहरूले तोकिएको जिम्मेवारी इमान्दारी एवम्कुशलतापूर्वक निभाउने ।

<u>अनुसूचीहरू</u>



CamScanner

## अनुसूची १:
## नगरपालिकाको वडागत जनसांख्यिक विवरण



अनुसूची २

बालविवाह, दाइजो प्रथाअन्त्यकालागिकार्ययोजना

क) बालिका र किशोरी क्षमताविकासकालागि

| क.स. | कार्यक्रम र गतिविधि | कति पटक र कहाँगर्ने | कहिले गर्ने | कसले गर्ने | कसरी गर्ने | वजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|
| १ | वालबालिका र किशोरी लक्षित सचेतनाकार्यक्रम सञ्चालनगर्ने (सडकनाटक, बालविवाह/दाइजो प्रथाअन्त्यकालागिअभिमुखीकरण, एफएमरेडियोबाट सूचनाप्रवाहगर्ने) | चार पटक | त्रैमासिक | वडा, पालिका, स्वास्थ्य, महिला, वालबालिकातथाजेष्ठ नागरिक शाखालगायत सरोकारवालानिकायहरु | साझेदार संस्था, एफएमरेडियो, विज्ञहरुको समन्वयमा सामग्रीतयार पारी पालिका, वडाको नेतृत्वमा | ३०० |
| २ | वालविवाह/दाइजो प्रथा विरुद्धका लागिवालवालिकाको समूहनिर्माण गर्ने (११ वटै वडाहरूमा) | एकपटक | तत्काल | स्थानीय सरकार. | महिला, बालबालिकातथाजेष्ठ नागरिक शाखामार्फत संघसंस्थाको साझेदारीमा | २०० |
| ३ | जिविकोपार्जनकालागि सीपमूलकक्रियाकलापहरु सञ्चालनगर्ने (विशेषगरी विद्यालयवाहिरका वालवालिका) | आवश्यकताअनुसार | तत्काल सुरु गर्ने | स्थानीय सरकार | विज्ञको सल्लाहअनुरुपCTEVT को समन्वयमा | ३०० |
| ४ | वस्ति र वडास्तरमाहुने योजनातर्जुमावैठकमा आम सहभागिताकालागिवालिका, किशोरी, युवामहिलालगायतकिशोर र पुरुषहरुको परिचालन | आवश्यकताअनुसार, | वैशाख र जेठ | वाल समूह, किशोर-किशोरी समूह, अभिभावक र वडाहरु | वस्ति र वडास्तरमाहुने योजनातर्जुमा बैठकमा आम सहभागिताकालागिवालिका, किशोरी, युवामहिलालगायतकिशोर र पुरुषहरुको परिचालन | २०० |
| ५ | तालिमप्राप्तशिक्षक, शिक्षिकाहरुद्वारा वालविवाह दाइजो प्रथाविरुद्ध अभिमुखीकरण –वालमैत्री सामाजिक सञ्जालवारे अन्तरक्रिया र प्रतिवद्धता विद्यालय र घरमा सामाजिक सञ्जालव्यवस्थापन) | तालिमप्राप्तशिक्षकशिक्षिकाहरुद्वारा वालविवाह दाइजो प्रथाविरुद्ध अभिमुखीकरण | २०८३ असारभित्रमा | • सुपरिवेक्षणमा तालिमप्राप्तशिक्षकशिक्षिका<br>• विद्यालय र वाल समूह | सुपरिवेक्षणमा तालिमप्राप्तशिक्षक, शिक्षिका | २५० |

अनुसूची २

बालविवाह, दाइजो प्रथाअन्त्यकालागिकार्ययोजना

क) बालिका र किशोरी क्षमताविकासकालागि

| क.स. | कार्यक्रम र गतिविधि | कति पटक र कहाँगर्ने | कहिले गर्ने | कसले गर्ने | कसरी गर्ने | बजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|
| १ | बालबालिका र किशोरी लक्षित सचेतनाकार्यक्रम सञ्चालनगर्ने (सडकनाटक, बालविवाह/दाइजो प्रथाअन्त्यकालागिअभिमुखीकरण, एफएमरेडियोबाट सूचनाप्रवाहगर्ने) | चार पटक | त्रैमासिक | वडा, पालिका, स्वास्थ्य, महिला, बालबालिकातथाजेष्ठ नागरिक शाखालगायत सरोकारवालानिकायहरु | साझेदार संस्था, एफएमरेडियो, विज्ञहरुको समन्वयमा सामग्रीतयार पारी पालिका, वडाको नेतृत्वमा | ३०० |
| २ | बालविवाह/दाइजो प्रथा विरुद्धका लागिबालबालिकाको समूहनिर्माण गर्ने (११ वटै वडाहरूमा) | एकपटक | तत्काल | स्थानीय सरकार | महिला, बालबालिकातथाजेष्ठ नागरिक शाखामार्फत संघसंस्थाको साझेदारीमा | २०० |
| ३ | जिविकोपार्जनकालागि सीपमूलकक्रियाकलापहरु सञ्चालनगर्ने (विशेषगरी विद्यालयबाहिरका बालबालिका) | आवश्यकताअनुसार | तत्काल सुरु गर्ने | स्थानीय सरकार | विज्ञको सल्लाहअनुरुपCTEVT को समन्वयमा | ३०० |
| ४ | बस्ति र वडास्तरमाहुने योजनातर्जुमाबैठकमा आम सहभागिताकालागिबालिका, किशोरी, युवामहिलालगायतकिशोर र पुरुषहरुको परिचालन | आवश्यकताअनुसार, | वैशाख र जेठ | बाल समूह, किशोर-किशोरी समूह, अभिभावक र वडाहरु | बस्ति र वडास्तरमाहुने योजनातर्जुमा बैठकमा आम सहभागिताकालागिबालिका, किशोरी, युवामहिलालगायतकिशोर र पुरुषहरुको परिचालन | २०० |
| ५ | तालिमप्राप्तशिक्षक, शिक्षिकाहरुद्वारा बालविवाह/दाइजो प्रथाविरुद्ध अभिमुखीकरण –बालमैत्री सामाजिक सञ्जालबारे अन्तर्क्रिया र प्रतिवद्धता (विद्यालय र घरमा सामाजिक सञ्जालव्यवस्थापन | तालिमप्राप्तशिक्षकशिक्षिकाहरुद्वारा बालविवाह/दाइजो प्रथाविरुद्ध अभिमुखीकरण | २०८३ असारभित्रमा | • सुपरिवेक्षणमा तालिमप्राप्तशिक्षकशिक्षिका<br>• विद्यालय र बाल समूह | सुपरिवेक्षणमा तालिमप्राप्तशिक्षक, शिक्षिका | २५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | तालिमप्राप्तअनमी र शिक्षिकाद्वारा यौनतथाप्रजनन् स्वास्थ्य र अधिकारसम्बन्धीबालिका र किशोरी अन्तरक्रिया | २ पटक, ११ वडामा | आव२०८३/८४ को पहिलोचौमामा | शिक्षा समितिको सुपरीवेक्षणमा तालिमप्राप्तअनमी र शिक्षिका | अनुभवी सहयोगी संस्थासँगमिलेर | ३५ |
| ७ | विवाहको जोखिममा रहेकाबालबालिका, किशोर-किशोरी र युवामहिलाकालागि (परिवारसहित) लघुउद्यम तालिम | २ पटक, नपावापायकपर्ने स्थान | आव२०८२/८३ को दोस्रोचौमामा | न.पा.को कृषि र पशु र उद्योगशाखाकातालिमप्राप्तक र्मचारी | घरदैलो कार्यक्रममाभेटिएकालाई प्राथमिकता (परामर्शपछि मात्रतालिम र आयआर्जन सहयोग) | ४०० |
| ८ | किशोरी सशक्तीकरण समूह , सञ्जाल गठन | १ पटक | | गैरसरकारी संघ संस्था, वडा कार्यालय र नगरपालिका | बालविवाह/दाइजो प्रथान्यूनिकरणका लागिविभिन्नयोजनानिर्माण, बाल समूहहरु गठन, | १५० |
| ९ | बालिका स्वास्थ्यकालागिक्षमताविकास कार्यक्रम | चार पटक | त्रैमासिक | स्वास्थ्यशाखा | | १५० |

## ख) बालिका र किशोरीकालागि गुणस्तरीय शिक्षाकालागि

| क्र.स. | कार्यक्रम र गतिविधि | कति पटक र कहाँगर्ने | कहिले गर्ने | कसले गर्ने | कसरी गर्ने | बजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|
| १ | विद्यालयबाहिर रहेका सम्पूर्ण बालबालिकाहरुकालागिभर्ना अभियान सञ्चालनगर्ने | १पटक विद्यालय, गाउँटोलतथा सेवाक्षेत्रमा | वैशाखमसान्त सम्म | शिक्षाशाखा र विद्यालय | घरदैलो अभियान, सञ्चार माध्यमबाटसूचना प्रसारण गर्ने | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | माध्यामिकतह सम्मको शिक्षानि:शुल्क र अनिवार्य गर्ने | प्रत्येकवर्ष विद्यालयमा | शैक्षिक सत्रको सुरू देखि | स्थानीयतह | आवश्यक बचत व्यवस्थापन गरेर | |
| ३ | सुरक्षित, सफा र लैङ्गिकमैत्रीशौचालयनिर्माण | विद्यालयमानिर्माण १ पटक र सरसफाई नियमित | शैक्षिक सत्रको सुरू देखि | नगरपालिकाको समन्वयमाविद्यालयले | पुरानो भएमामर्मत गर्ने र हुँदै नभएमानिर्माण गर्ने | १००० |
| ४ | सेनेटरी प्याड,पाठ्यपुस्तक, पोशाक, दिवाखाजाको व्यवस्थातथाउच्चशिक्षाको लागि छात्रवृत्ति | प्रत्येकवर्ष विद्यालयमा | शैक्षिक सत्रको सुरू देखि | संघ, प्रदेशर स्थानीयतह | निश्चित मापदण्डको आधारमा | ८०० |
| ५ | महिलाशिक्षकको व्यवस्थापनतथाविद्यालयव्यवस्थापनमामहिलाको अर्थपूर्ण सहभागिता गराउने | विद्यालयमा १ पटक | शैक्षिक सत्रको सुरूमा | नगरपालिका र विद्यालयको समन्वयमा | महिलाशिक्षकको दरबन्दीमिलाउने र दरबन्दीसिर्जना गर्ने | |
| ६ | बालविवाह/दाइजो प्रथा, लैङ्गिक हिंसा, यौनतथाप्रजनन् स्वास्थ्य सूचनातथा सेवाको सुनिश्चिततागर्ने | प्रत्येकमहिनाको १ पटक विद्यालयमा | अन्तिमशुकवार | विद्यालयले गर्ने | शिक्षा, स्वास्थ्य , सामाजिक संघ संस्थाको समन्वयर सहकार्यमा | १०० |
| ७ | विद्यालयको अतिरिक्तकृयाकलापमाबालबालिकाको सहभागिता सुनिश्चितगर्ने | प्रत्येक पटक विद्यालयमा | हरेकशुक्रवार | विद्यालयको अतिरिक्तकृयाकलाप समिति | बालिकाको सहभागिता सुनिश्चितगर्ने । | २०० |

## ग) बालक, किशोर र पुरुषहरुको सहभागिताकालागि

| क.स. | कार्यक्रम र गतिविधि | कति पटक र कहाँगर्ने | कहिले गर्ने | कसले गर्ने | कसरी गर्ने | बजेट (रु.हजारमा) |
|---|---|---|---|---|---|---|
| १ | बालविवाह, दाइजो प्रथा, लैङ्गिकविभेद र पितृसत्तात्मक सोच अन्त्यकालागि सामुदायिकजनचेतनामुलककार्यक्रम (जस्तै भित्तेया प्रदर्शनी, सडक नाटक, र्‍याली, | २२ पटक, ११ वटा वडामाकम्तीम २ पटक | आ.व. २०८३/८४तेस्रो चौमासिक र २०८३/८४ को | नगरपालिका र वडा, महिला, बालबालिकातथाजेष्ठ नागरिक शाखा | • अनुभवी सहयोगी संस्थासंगमिलेर<br>• सडक नाटकका | ३०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अभिमुखीकरण र अन्तरक्रियाआदि) | | पहिलो चौमामा २ पटक | | …गअभ्यास गरेर | |
| २ | सामाजिकवहिष्कार तथा सरकारी सेवा सुविधाबाट वञ्चित गराउने (सकारात्मकविभेद) | हरेक वडामा | तुरुन्तै | नगरपालिकास्तरीय वडाका र कार्यान्वयन, समन्वय र अनुगमन तथा मुल्याङ्कन समिति | …विवाहगर्ने र गराउनेलाई रदाइजो प्रथा बढावा दिने जो कोहिलाई बहिष्कार गरेर ( कार्यान्वयनगर्नेभन्दापनि यसलाई बालविवाहनिरुत्साहनको भिम्तिभन्ने हतियार मात्रबनाउन सकिन्छ, ) | ५० |
| ३ | विवाहको जोखिममा रहेकाबालक, किशोर र युवापुरुषकालागि (परिवार सहित) लघु उद्यमतालिम | २ पटक, नपावापाएकपर्ने स्थान | आव२०८३/८४ को अन्त्य सम्ममा | नगरपालिकाको कृषि, पशु र उद्योगशाखाकातालिमप्राप्त कर्मचारी | • घरदैलो कार्यक्रममाभेटिएकालाई प्राथमिकता<br>• परामर्शपछि मात्रतालिम र आयआर्जन सहयोग | ३०० |
| ४ | धामी, झाँक्रि र ज्योतिषहरु लगायतकाधर्म गुरुहरुलाई बालविवाह विरुद्ध तालिम | २ पटक, सबै वडाहरुमा | वैशाख र माघमा | वडा र गैरसरकारी संस्था | उनीहरुसँग समन्वय गरेर | ६० |
| ५ | बालविवाहको जोखिममा रहेकाबालकतथाकिशोर परिवार लक्षित घरदैलो र परामर्श | ४ पटक, सबै वडाहरुमा | हरेकचौमामा | वडा, स्वंयसेविका, सामाजिक परिचालक र गैरसरकारी संस्था | हरेक घरमापुग्ने, विशेषगरी जोखिम घरमा | ५० |
| ६ | सकारात्मकअभीभावकत्व सम्वन्धीकक्षा संचालन | सबै वडाहरुमावर्षको २ पटक | असोज र चैत्रमा | नगरपालिका, वडा कार्यालय, गैसस। | छलफल, अन्तरक्रिया, अभिमुखीकरण | १०० |
| ७ | घटना व्यवस्थापकको परिचालन | सबै वडाहरुमा | आ.व. ०८३/०८४ | वडाहरु र गैसस | घटना व्यवस्थापककार्यकर्ता | १०० |

## घ) परिवार र समुदाय परिचालनकालागि

| क.स. | कार्यक्रम र गतिविधि | कति पटक र कहाँगर्ने | कहिले गर्ने | कसले गर्ने | कसरी गर्ने | बजेट (रू हजारमा) |
|---|---|---|---|---|---|---|
| १ | बालविवाह/दाइजो प्रथा का नकारात्मक असर र कानुनीव्यवस्थापका सम्बन्धमाआमा समूह, | ११पटक प्रत्येक | आ.व. २०८३/०८४ को दोस्रो | नगरपालिका, वडा कार्यालय | अन्तर्क्रिया गरेर | १२० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अभिभावक, धार्मिक गुरुहरुलाई अभिमुखीकरण कार्यक्रम | वडामाकम्तीमा १ पटक | चौमासिकभित्र | | | |
| २ | छोरा र छोरी बीचको विभेदलगायत सामाजिकहानिकारक अभ्यास निरुत्साहितगर्ने घरदैलो अभियान | आवश्यकताअनुसार | आ.व. २०८३/०८४ को माघभित्र | वडा कार्यालयले स्थानीय टोलमा, समूह, समितिसँग समन्वय गरेर | घरदैलो अभियानपोष्टरपम्प्लेटवितरण गरेर | ५० |
| ३ | असलअभिभावकत्व सम्बन्धी ज्ञान सीपहरुको विकास गरी परिवार तथाविद्यालयमाअन्तरपुस्ता संवादकार्यक्रम(१५ देखि २० वर्ष मुनिकालक्षित) | आवश्यकताअनुसार विद्यालयमा | आ.व. २०८३/०८४ सम्ममा | संघ संस्थाको सहयोग र वडा कार्यालयको समन्वयमा | अन्तर्कृया, छलफल | १०० |
| ४ | बालविवाह/दाइजो प्रथा विरुद्धका सचेतनामुलक सन्देश तथाकार्यक्रम प्रसारण | वर्ष भरी | नियमित | रेडियो तथापत्रपत्रिकामार्फत नगरपालिका | प्रकाशनतथाप्रसारण | ५० |

## ङ) कानुन र नीतिको सुदृढीकरण र कार्यान्वयन

| क.स. | कार्यक्रम र गतिविधि | कति पटक र कहाँगर्ने | कहिले गर्ने | कसले गर्ने | कसरी गर्ने | बजेट (रु. हजारमा) |
|---|---|---|---|---|---|---|
| १ | बालविवाह/दाइजो प्रथान्यूनिकरण सम्वन्धीअभिभावक र वालवालिकाबीचकानुनीअभिमुखीकरण कार्यक्रमगर्ने। | ३ पटक (सबै वडाहरुमा) | कार्तिक, माघ र वैशाख | सम्वन्धित वडा, गैर सरकारी संस्था | वडा अध्यक्षसँग समन्वय गरी सम्वन्धित टोलको सरोकारवालाको समन्वयमाकार्यक्रम सञ्चालनगर्ने | ५० |
| २ | वालवालिका सम्वन्धी स्थानीयकानुन संशोधनतथा परिमार्जन | आवश्यकताअनुसार ऐन र कार्यविधिको हकमा | नगर सभावाट | कार्यपालिका, नगर सभा | सरोकारवालासँग छलफल गरी विद्यमान समितिकार्यपालिकावाट पारित गर्ने।नगर सभावाट पारित गर्नुपर्ने विषयमानगरसभामा छलफल गरी संशोधन प्रस्तावपारित गर्ने। | ५० |
| ३ | नयाँकानुन, कार्यविधि, मापदण्ड तर्जुमागर्ने | १ पटक पालिकामा | आ.व. २०८३/०८४पहिलो चौमासिकभित्र | कार्यपालिका | सरोकारवालाहरुसँग छलफल, विद्यमान समितिमार्फत कार्यपालिकामापेश र स्विकृत | ५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | कानुनकार्यान्वयनगर्ने निकायहरु बीच समन्वयगर्ने | वर्षमा ३ पटक पालिकामा | पहिलो, दोस्रो र तेस्रो चौमासिकअवधिमा | सम्बन्धित शाखाको पहलमा पालिकाले | प्रचार प्रसार [illegible] फलफल निर्णय | १०० |
| ५ | कानुनकार्यान्वयनमा संलग्नपदाधिकारी र कर्मचारीहरुको क्षमताविकास कार्यक्रम सञ्चालनगर्ने | २ पटक पालिका र अन्तरपालिकामा | पहिलो र अन्तिमचौमासिकमा | पालिकाले | अवलोकन अध्ययन भ्रमण, भेटघाट, अन्तरक्रिया | १०० |

## च) सेवाप्रवाहसम्बन्धी

| क्र.स. | कार्यक्रम र गतिविधि | कति पटक र कहाँगर्ने | कहिले गर्ने | कसले गर्ने | कसरी गर्ने | वजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|
| १ | अभिभावकशिक्षा/सकारात्मकअभिभावकत्व सम्वन्धीकक्षा सञ्चालनकार्यक्रम विद्यालयमाअध्ययनगर्ने बालबालिका, अभिभावक(महिला, पुरुष) तथाउक्तविद्यालयमाअध्यापन गराउने शिक्षकशिक्षिकाहरुको प्रत्यक्ष सहभागिता रहने | ३/३ पटक प्रत्येक वडामा | २०८३ भदौ १० गते सम्ममा | वडा कार्यालयले | महिला, बालबालिकातथाजेष्ठ नागरिक शाखामार्फत समन्वय गरी समुदाय र विद्यालयमागर्ने | ५० |
| २ | जनप्रतिनिधिसँगवालवालिकाअन्तर्कृया कार्यक्रम ( किशोर किशोरी तथापुरुषमहिलाहरुको सहभागिता रहने गरी वालविवाह/दाइजो प्रथा, वाल संरक्षणका वरेमाकानुनिप्रकृया सम्वन्धीअन्तर्कृया) गर्ने | २/२ पटक प्रत्येक वडामा | आ.व. २०८३मा समयानुकुल | प्रत्येक वडा कार्यालय मार्फत | महिला, वालवालिकातथाजेष्ठ नागरिक शाखामार्फत समन्वय गरी समुदाय र विद्यालयमागर्ने | १५० |
| ३ | वालविवाह/दाइजो प्रथावाटसृजितलैङ्गिक हिंसा सम्वन्धीक्रियाकलापवारे अनुगमनगर्ने र दोपिलाई सजायदिलाउने | प्रत्येक वडामा ६/ ६ पटक | २०८३ | महिला, वालवालिकातथाजेष्ठ नागरिक शाखा, संघसंस्था र वडाले | महिला, वालवालिकातथाजेष्ठ नागरिक शाखा, संघसंस्था, सुरक्षानिकाय र वडाको समन्वयमा | १०० |
| ४ | वालविवाहभएनभएको एकिनगर्ने र नभएको भएमावालविवाहअन्त्यभएको वडा र पालिकाघोषणा गर्ने | प्रत्येक वडामा १/ १ पटक | २०८८भित्र | वडा र पालिका | सम्पूर्ण वडाको समन्वयमा | ३०० |

(नोट: माथिउल्लेखित १ वर्षको कार्य सम्पादनतथाउपलब्धीहरुको मुल्याङ्कन गरेर आगामीवर्षको कार्यक्रम र बजेट तयार गरी थप १वर्षको कार्ययोजनातयार पारिनेछ ।)

## अनुसूची ३:

### कार्यान्वयन, समन्वय र अनुगमनतथामूल्यांकन समितिको काम, कर्तव्य र अधिकार

१.नगरपालिकाकार्यान्वयन, समन्वय र अनुगमनतथामूल्याङ्कन समितिकोकाम, कर्तव्य र अधिकार देहायबमोजिमहुनेछः

क) यस रणनीति तथाकार्ययोजनामा रहेकाकार्यक्रमहरूलाई आफ्नो वार्षिक कार्यक्रममाअनिवार्य रूपमा समावेश गरी कार्यान्वयन, समन्वय र पहलगर्ने।

ख) बालबिवाह, दाइजो प्रथाअन्त्यकालागि सञ्चालितकार्यक्रमहरूको नियमिततथाआवश्यकतानुसार अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण गर्ने।

ग) क्षमताअभिवृद्धि समितिको समन्वयमाएकीकृत कार्ययोजनातयार पार्ने, बास्केट फण्डको विकास गरी सघन कार्यक्रम सञ्चालनगर्ने।

घ) "बालविवाहअन्त्यकालागि राष्ट्रिय रणनीति तथाकार्यान्वयनकार्ययोजना२०८२" कार्यान्वयनगर्न संघीय र प्रदेश सरकारसँग समन्वय स्थापनागर्ने।

ङ) रणनीति तथाकार्ययोजनाअनुसार बालविवाह, दाइजो विरुद्धका कार्यक्रमहरुलाई वडा कार्यालयहरुलेकामगर्ने/ गराउने।

च) गैरसरकारी संस्थाहरूसँगमिलेर बालविवाह बढी हुने वडाहरूमा कार्यक्रमकेन्द्रितगर्ने।

२.समितिको बैठक कम्तीमावर्षमा ४ पटक बस्नेछ।

३. समितिको बैठकमा आवश्यकतानुसार नगरपालिकाकाजनप्रतिनिधिहरू, सम्वन्धितक्षेत्रका विज्ञ एवम् संघ, संस्थाकाप्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

४. बैठकसम्वन्धीकार्यविधि समितिआफैले निर्धारण गरे वमोजिमहुनेछ।

## अनुसूची ४:

### बालविवाह/दाइजो विरुद्ध उजुरी लिने निकायहरू

- स्थानीयप्रहरी कार्यालय वानेपालप्रहरीको कन्ट्रोल १००
- नगरपालिकाको न्यायिक समिति
- बालबालिकाखोजतलास समन्वयकेन्द्र भृकुटीमण्डप, काठमाडौं, नेपाल टोलफ्री नं. १०४
- नगरपालिकाको बालकल्याण अधिकारी
- घटना व्यवस्थापनएकीकृत प्रणाली १०९८